# थारू र ब्राह्मण/क्षत्री विद्यार्थीको शैक्षिक उपलब्धिमा पारिवारिक र विद्यालय वातावरणको प्रभाव

गीता चौधरी

## परिचय

शिक्षा विकास र परिवर्तनको संवाहक हो । यसले व्यक्तित्व विकास, सामाजिक जागरणका साथै रोजगारीको अवसर बढाउँदछ, राजनीतिक चेतना बढाएर हक अधिकार स्थापित गर्न सहयोग गर्दछ । समाजमा व्याप्त सामाजिक, आर्थिक, राजनीतिक असमानताको खाडल पुर्ने सबैभन्दा सशक्त माध्यम शिक्षा नै हो । तसर्थ शिक्षाले मानव जीवनमा धेरै ठूलो महत्त्व राख्छ । तर शिक्षामा सबै समुदाय या वर्गको समान पहुँच र उपलब्धि भएको पाइँदैन र यो विश्वव्यापी मुद्दा हो । यसको इतिहास पनि औपचारिक शिक्षाको इतिहास जत्तिकै पुरानो छ (माथेमा र विष्ट सन् २००६) । शैक्षिक उपलब्धि समान हुन नसक्नुका कारणहरू खोज्न अर्थात् विद्यार्थीको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्त्वहरू यकिन गर्नका लागि विभिन्न अध्ययन भएका छन् । ती अध्ययनले विद्यार्थीको पारिवारिक र विद्यालय वातावरणलाई पनि शैक्षिक उपलब्धिको निर्धारक तत्त्वको रूपमा ठम्याएका छन् (सेरिड सन् १९९९; रामचन्द्रन र अरू सन् २००३; राना र दास सन् २००४; युनेस्को सन् २००८) । विद्यालय वातावरणअन्तर्गत त्यहाँको भौतिक अवस्था, भाषा, संस्कृति, शिक्षक-विद्यार्थीलगायत विद्यालय परिवारका अन्य सदस्यहरूको एक अर्काप्रतिको व्यवहार, र कक्षा शिक्षणका प्रक्रियाहरू पर्दछन् ।[१] विद्यार्थीहरूले कति सिक्ने, कसरी सिक्ने र सिकेका कुराहरू कति सार्थक र दीर्घकालीन हुने भन्ने विषयमा शिक्षकले प्रयोग गर्ने शिक्षण विधिको पनि धेरै ठूलो भूमिका हुन्छ (युनिसेफ सन् १९९३) । शिक्षकको विद्यार्थीप्रतिको सकारात्मक अपेक्षाले विद्यार्थीलाई उत्प्रेरणा प्रदान गर्दछ भने नकारात्मक अपेक्षाले मनोबल घटाउँदछ (युनेस्को सन् २००४) । त्यसै गरी पारिवारिक वातावरणअन्तर्गत अभिभावकको शिक्षा र पेशा, परिवारको आर्थिक अवस्था, घरमा बोलिने भाषा र पाठ्यसामग्रीहरूको उपलब्धता आदि पर्दछन् । विद्यार्थीको घरमा पढेलेखेका वा पढ्दै गरेका अग्रज छन्, शैक्षिक सामग्री

[१] विद्यालय वातावरणभित्र विद्यालयको भौतिक सुविधाको पनि महत्त्वपूर्ण स्थान रहन्छ तर यस लेखमा उक्त पक्षलाई समावेश गरिएको छैन ।

*समाज अध्ययन* ११ : ४१–७३, २०७३

प्रशस्त छन् र अभिभावकले उसलाई पढ्न प्रेरित गरिरहन्छन् भने उसको शैक्षिक उपलब्धि सापेक्षतः उच्च हुन्छ (कोजोई सन् २००७)।

नेपालका विभिन्न जातजातिको साक्षरता दर र तहगत शैक्षिक अवस्था हेर्दा शिक्षामा पनि केही सीमित जातजातिको वर्चस्व देखिन्छ । राष्ट्रिय जनगणना (वि.सं. २०५८) अनुसार जनसंख्याको आधारमा नेपालका चार ठूला जातजातिहरू क्षत्री (१५.९%), ब्राह्मण (१२.७%), मगर (७.१%) र थारू (६.६%) हुन् । यी जातजातिको साक्षरता दर क्रमशः ६०.९, ७५.६, ५७.७ र ४६.५ प्रतिशत रहेको छ । यसरी जनसंख्याका आधारमा चौथो ठूलो जाति थारूको साक्षरता दर यी चार ठूला जातिमध्ये सबैभन्दा कम मात्र नभई अन्य धेरै जनजातिभन्दा कम छ । धेरै पहाडी जनजातिको[२] साक्षरता दर नेपालको राष्ट्रिय साक्षरता दर (५३.८%) भन्दा उच्च छ भने थारूको साक्षरता दर उक्त दरभन्दा ७.३% ले कम छ ।[३]

माथिका यी तथ्यांक हेर्दा अन्य जातजाति (ब्राह्मण, क्षत्री र ठकुरी) को तुलनामा शिक्षाप्रति थारूहरूको आकर्षण कम रहेको पाइन्छ । यसो हुनुमा विद्यालय र घरको वातावरणले प्रभाव पारेको हुनसक्ने तर्क यस लेखमा गरिएको छ । त्यसो त थारूमाथि गरिएको एक अध्ययनअनुसार ब्राह्मण, क्षत्री र ठकुरीसँग निरन्तर सम्पर्कमा रहने थारूहरूको शिक्षाप्रतिको धारणा अन्य थारूहरूको भन्दा बढी सकारात्मक छ (मासलाक सन् २००३)। यद्यपि धारणा सकारात्मक हुँदाहुँदै पनि विविध कारणले शिक्षामा अपेक्षाकृत उपलब्धि हासिल नहुन सक्छ । तसर्थ विद्यार्थीहरूको शैक्षिक गुणस्तरमा सुधार ल्याउन उनीहरूको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्त्वहरूको पहिचान गर्न आवश्यक हुन्छ ।

यो लेखले थारू र ब्राह्मण/क्षत्री विद्यार्थीको शैक्षिक उपलब्धिमा भएको भिन्नतालाई उजागर गर्दछ र यसका कारक तत्त्वको तुलनात्मक विश्लेषण गर्दछ । लेखलाई परिचय र निष्कर्षसहित छ खण्डमा विभाजन गरिएको छ । दोस्रो खण्डमा पूर्व अनुसन्धानको आधारमा विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरूबारे चर्चा गरिएको छ । तेस्रो खण्डमा थारू र ब्राह्मण/क्षत्री विद्यार्थीहरूको शैक्षिक उपलब्धिबारे तुलनात्मक रूपमा चर्चा गरिएको छ भने चौथो र पाँचौँ खण्डमा क्रमशः समान शैक्षिक उपलब्धि प्राप्त गरेका थारू र ब्राह्मण/क्षत्री विद्यार्थीहरूको पारिवारिक र विद्यालय वातावरणबारे तुलनात्मक चर्चा समेटिएको छ । अन्तिम खण्डमा निष्कर्ष छ ।

[२] थकाली, ब्यासी, नेवार, याखा, छन्तेल, जिरेल, दराई, दुरा, लिम्बू, राई, मगर र गुरुङ ।

[३] मानव विकास प्रतिवेदन (युएनडीपी सन् २००४) अनुसार सन् २००१ सम्ममा प्रवेशिका वा सो सरह उत्तीर्ण गर्नेहरूमध्ये २९.९ प्रतिशत ब्राह्मण, २२ प्रतिशत क्षत्री, ११.८ प्रतिशत नेवार, ४.६ प्रतिशत मगर छन् भने ३.५ प्रतिशत मात्र थारू छन् । त्यस्तै स्नातक वा सोभन्दा माथिको शिक्षा पाउनेहरूमध्ये ४१.५ प्रतिशत ब्राह्मण, १८.३ प्रतिशत क्षत्री, १३.५ प्रतिशत नेवार, २.२ प्रतिशत मगर र १.७ प्रतिशत थारू छन् ।

## अनुसन्धान विधि

यो अध्ययन पूर्वी चितवनको खैरहनी गाउँ विकास समिति (गाविस) मा गरिएको हो। जिल्ला सदरमुकामबाट १५ किलोमिटर पूर्वमा अवस्थित यो गाविसलाई महेन्द्र राजमार्गले बीचबाट छिचोलेको छ। यातायात, खानेपानी, शिक्षा, स्वास्थ्य, बिजुली र सञ्चारको सुविधा उपलब्ध भएको यस गाविसमा विभिन्न समुदायका मानिसहरूको मिश्रित बस्ती पाइन्छ।[४] यहाँ एक दर्जनभन्दा बढी निजी माध्यमिक विद्यालय, पाँच ओटा उच्च माध्यमिक विद्यालय र दुई ओटा स्नातकसम्मको अध्यापन हुने क्याम्पस (एउटा निजी र एउटा सामुदायिक) सञ्चालनमा छन्। मासलाक (सन् २००३) का अनुसार, अन्य स्थानका भन्दा मिश्रित बस्तीमा बसेका थारूहरूको शिक्षाप्रतिको आकर्षण बढी छ। यसको कारण गैरथारू (ब्राह्मण/क्षत्री) सँगको अन्तर्क्रिया नै हो (मासलाक सन् २००३)। तसर्थ मिश्रित बस्तीमा बसोवास गर्ने थारू र गैरथारूको परिवारमा शैक्षिक वा सिकाइको वातावरण के-कस्तो छ पत्ता लगाउन र तुलना गर्न यो ठाउँ उपयुक्त थियो। यहाँको एक मात्र सरकारी उच्चमाध्यमिक विद्यालय (खैरहनी उमावि[५]) अध्ययनमा समेटिएको छ। यहाँ थारू विद्यार्थीहरूको उपस्थिति अधिकतम छ।[६]

सर्वप्रथम थारू तथा ब्राह्मण/क्षत्री विद्यार्थीहरूको शैक्षिक उपलब्धि तुलना गर्न यस विद्यालयका कक्षा ८, ९ र १० को शैक्षिक वर्ष २०६२ देखि २०६६ सालसम्मको नतिजा विवरण सोही विद्यालयबाट संकलन गरी लैंगिक, जातीय, कक्षागत र विषयगत आधारमा विश्लेषण गरियो।[७] यसैलाई आधार मानेर थारू तथा ब्राह्मण/क्षत्री विद्यार्थीको शैक्षिक उपलब्धिको तुलना गरियो। कुन समुदाय र स्तरका विद्यार्थीले के-कस्तो पारिवारिक र विद्यालय वातावरण पाएका छन् भन्ने कुरा पत्ता लगाउन र तुलना गर्न १४ जना थारू र १४ जना ब्राह्मण/क्षत्री विद्यार्थीलाई अन्तर्वार्ताका लागि छनोट गरियो। शैक्षिक वर्ष २०६६ सालको वार्षिक परीक्षा र २०६७ सालको प्रथम त्रैमासिक परीक्षाको नतिजाको आधारमा कक्षा ८, ९ र १० मा उत्कृष्ट १० स्थानमा पर्ने थारू र ब्राह्मण/क्षत्री विद्यार्थीमध्ये सात/सात जना छानियो। त्यसै गरी न्यून शैक्षिक उपलब्धि भएका थारू र ब्राह्मण/क्षत्री विद्यार्थीमध्येबाट पनि सात/सात जना छनोट गरिएको थियो। यसरी छनोटमा परेका विद्यार्थीका अभिभावक र उनीहरूलाई शिक्षण गर्ने १० जना शिक्षकसँग पनि अन्तर्वार्ता गरिएको थियो।

[४] यस ठाउँका मुख्य बासिन्दामा थारू, ब्राह्मण, क्षत्री, नेवार, गुरुङ, मगर, लामा, तामाङ, मधेशी, मुस्लिम, कामी, दमाईं आदि पर्दछन्।

[५] यो विद्यालयमा धेरैजसो कमजोर आर्थिक पृष्ठभूमिका विद्यार्थीहरू अध्ययनरत छन्।

[६] यो तथ्य यसै अध्ययनको आधारमा उल्लेख गरिएको हो।

[७] प्राथमिक तहमा अत्यन्त न्यून विद्यार्थी संख्या भएको र उच्चमाध्यमिक तह भर्खरै मात्र सञ्चालन भएकोले यस विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीहरू मात्र समावेश गरिएका हुन्।

विद्यार्थीसँगको अन्तर्वार्ता पारिवारिक एवं विद्यालयको वातावरण पत्ता लगाउनमा केन्द्रित थियो । यसका साथै अभिभावकको शिक्षा, पेशा, घरमा अन्य सदस्यहरूको शिक्षा (पढ्दै गरेका अग्रजहरूका बारेमा समेत), उनीहरूको पढाइमा अभिभावक र परिवारका अन्य सदस्यको शैक्षिक सहयोग र संलग्नता, आवश्यक पाठ्यपुस्तक, स्टेसनरी, अन्य पाठ्यसामग्रीमा पहुँच, पढ्नको लागि छुट्टै कोठाको उपलब्धता, छोराछोरीप्रति बाबुआमाको व्यवहार र उनीहरूको संगतको बारेमा कुराकानी गरिएको थियो । त्यसै गरी उनीहरूप्रति शिक्षकको व्यवहार (शिक्षणको क्रममा विद्यार्थीलाई अन्तर्क्रियामा सहभागी गराउने, प्रश्नहरू सोध्ने र कक्षामा ध्यान दिने सम्बन्धमा) र कक्षाकार्य एवं गृहकार्य दिइने र परीक्षण हुने बारेमा पनि विद्यार्थीलाई सोधिएको थियो । अभिभावकसँगको अन्तर्वार्ता उनीहरूको शिक्षा र पेशाको पृष्ठभूमि, छोराछोरीको पढाइमा उनीहरूको भूमिका, छोराछोरीको शिक्षाप्रतिको लगाव र घरमा गर्ने कामबारे केन्द्रित थियो । शिक्षकसँगको अन्तर्वार्तामा विद्यार्थीको पढाइप्रतिको लगाव, कक्षा कोठामा हुने शिक्षक र विद्यार्थीबीचको अन्तर्क्रिया, अभिभावक र शिक्षकबीच हुने अन्तर्क्रिया र विद्यार्थीलाई दिइने कक्षाकार्य र गृहकार्यको सम्बन्धमा कुराकानी भएको थियो ।

अन्तर्वार्ता खुल्ला र अर्धसंरचनात्मक ढाँचाको थियो । विद्यालयमा शिक्षणको क्रममा कुनै किसिमको जातीय विभेद या प्रोत्साहन भए नभएको पत्ता लगाउन कक्षा ८, ९ र १० का विभिन्न कक्षाहरू (नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक र स्वास्थ्य जनसंख्या तथा वातावरण विषयका तीन/तीन ओटा र लेखाको दुई ओटा गरी जम्मा २० ओटा कक्षा) अवलोकन गरियो । यस अवलोकनको क्रममा शिक्षक-विद्यार्थी र विद्यार्थी-विद्यार्थीबीच हुने अन्तर्क्रिया, विद्यार्थीप्रतिको शिक्षकहरूको ध्यान र व्यवहार, विद्यार्थीको पढाइप्रतिको लगनशीलता, कक्षाकार्य र गृहकार्य दिइने, विद्यार्थीबाट गरिने र परीक्षण हुने सम्बन्धमा ध्यान केन्द्रित गरिएको थियो । त्यसै गरी पारिवारिक वातावरण पत्ता लगाउनको लागि सम्बन्धित विद्यार्थी घरमै भएको समयमा उनीहरूको घरसम्म पुगी विद्यार्थी र अभिभावकसँग पारिवारिक वातावरणबारे छलफल गर्नुका साथै अवलोकन पनि गरियो । यस क्रममा उनीहरूको घरमा पाठ्यपुस्तकबाहेक अन्य पाठ्यसामग्रीहरू भए-नभएको, पढ्नको लागि छुट्टै कोठा भए-नभएको आदि तथ्यहरूमा ध्यान केन्द्रित गरिएको थियो ।

## विद्यार्थीको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्त्व

विद्यार्थीको उपलब्धिसम्बन्धी भएका विभिन्न अध्ययनले उच्च सामाजिक, आर्थिक र शैक्षिक स्तरका परिवारका विद्यार्थीले अन्यको तुलनामा उच्च शैक्षिक उपलब्धि प्राप्त गरेको देखाएका छन् । शिक्षा मन्त्रालय अन्तर्गतको एसएलसी अध्ययन समूहले जातिगत हिसाबले विद्यार्थीको उपलब्धिबारे व्यवस्थित अध्ययन नै त गरेको छैन यद्यपि समग्रमा जनजाति

र दलित विद्यार्थीको उपलब्धि कमजोर रहेको संकेत चाहिँ गर्दछ (माथेमा र विष्ट सन् २००६) । अमेरिकामा पनि काला जातिको शैक्षिक उपलब्धि गोराको भन्दा कम देखिन्छ (अग्वु र डेभिस सन् २००३) । विद्यार्थीको शैक्षिक उपलब्धिलाई एउटा मात्रै कोणले हेर्न र बुझ्न सकिँदैन । समाजशास्त्री, मनोवैज्ञानिक तथा शिक्षाविद्ले विद्यालयभित्र र बाहिरको वातावरण दुवै पक्षलाई शैक्षिक उपलब्धिको महत्त्वपूर्ण कारकको रूपमा लिएको पाइन्छ । यी दुई पक्षलाई छुट्टाछुट्टै राखी निम्नानुसार प्रस्तुत गरिन्छ ।

## *विद्यालय बाहिरका तत्त्व*

जातीय तहगत संरचनामा समाजले नै विभिन्न समुदाय वा वर्गका मानिसको भूमिका तय गरिदिएको हुन्छ । तल्लो मानिने समुदाय वा वर्गको परिवारमा जन्मेको व्यक्तिले प्राप्त गरेको सामाजिक-सांस्कृतिक पूँजी तथा जीवन सीपलाई विद्यालय तथा अन्य औपचारिक संस्थाहरूले मान्यता प्रदान गर्दैनन् भने समाजमा उच्च वर्गका मानिने परिवारमा जन्मेको व्यक्तिले प्राप्त गरेको सामाजिक-सांस्कृतिक पूँजीलाई उक्त संस्थाले मान्यता प्रदान गर्दछन् (बुर्दु र प्यासरन सन् १९७७) । यसरी कमजोर ठहरिएको सांस्कृतिक पूँजी र जीवन सीप लिएर ऊ उच्च वर्गका मानिनेको प्रतिस्पर्धामा जान हच्किन्छ । तसर्थ एउटा कथित तल्लो वर्ग वा समुदायको व्यक्तिले राम्रो जागिर पाउन सक्दैन किनभने उसको शैक्षिक स्तर कमजोर हुन्छ; यसकारण पढेर राम्रो जागिर पाउँछु भनेर उसलाई विश्वास नै हुँदैन (अग्बु सन् १९७८) । कोइराला (२०६४) का अनुसार नेपाली समाजमा उच्च जातका मानिने ब्राह्मण र क्षत्री समुदायका छोराछोरीलाई समाजले पनि शिक्षा हासिल गर्न एक किसिमले दबाब दिइरहेको हुन्छ तर यसको ठीक विपरीत उक्त समाजले कथित तल्लो वर्ग वा जातिका केटाकेटीलाई दुरुत्साहित गरिरहेको हुन्छ । यसले पनि उनीहरूको शैक्षिक लगावलाई कम गर्दछ । अन्ततः यी दुई समुदायका विद्यार्थीको शैक्षिक उपलब्धिमा भिन्नता देखिन जान्छ ।

विद्यार्थीको विद्यालयसम्मको पहुँच र शैक्षिक सफलतालाई प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्व परिवारको आर्थिक अवस्था पनि हो (रामचन्द्रन र अरू सन् २००३) । गरिब परिवारका अभिभावकको पहिलो प्राथमिकता आफ्ना बालबालिकालाई विद्यालय पठाउनेभन्दा पनि आर्थिक क्रियाकलापमा संलग्न गराउने हुन्छ । विद्यालय भर्ना भएका त्यस्ता केटाकेटीलाई पनि उमेर अनुसारको काममा लगाइने हुँदा जीविकोपार्जनमा उनीहरूले कुनै न कुनै किसिमले सहयोग पुऱ्याइरहेका हुन्छन् (प्लान नेपाल सन् २००६) । यस्तो परिवारका बालबालिका नियमित विद्यालय जानु भनेको उनीहरूको अभिभावकले मौद्रिक तथा अमौद्रिक लाभ तत्कालको लागि गुमाउनु हो (कार्लेकार सन् २००३) । त्यसैले न्यून आय भएका परिवारका केटाकेटीले नियमित जस्तो बिहान-बेलुका काम गर्नुपर्ने देखिन्छ । यस्तो किसिमको कामको बोझले उनीहरूलाई पढाइतिर ध्यान केन्द्रित गर्न निकै कठिन हुनु स्वाभाविक हो । तर यसो

भन्दैमा आर्थिक स्थिति कमजोर भएका विद्यार्थीले शिक्षामा सफलता नै प्राप्त गर्न सक्दैनन् र आर्थिक पक्ष राम्रो भएका विद्यार्थीको शैक्षिक उपलब्धि उच्च नै हुन्छ भनेर किटान गर्न भने सकिँदैन । यसको ज्वलन्त उदाहरण पहाडी जनजातिको शैक्षिक स्तर उनीहरूको आर्थिक पक्षले निर्धारण नगर्नु तर तराईका जनजातिको आर्थिक स्तर राम्रो हुँदाहुँदै पनि उनीहरूको शैक्षिक स्तर माथि उठ्न नसक्नु हो (सेरिड सन् २००५) । त्यसै गरी सहरी क्षेत्रमा विद्यार्थीको सामुदायिक पहिचानले भन्दा आर्थिक पक्षले शिक्षाको पहुँचलाई प्रभाव पार्दछ भने ग्रामीण क्षेत्रमा त्यो अवस्था छैन (मेहता र हसन सन् २००८) ।

अभिभावकको शैक्षिक पृष्ठभूमि र विद्यार्थीको शैक्षिक उपलब्धिबीच सम्बन्ध रहेको पाइन्छ (जोनसन सन् २००५; शर्मा २०५७) । आमाबुबाको पेशा, परिवारका पढेलेखेका सदस्य, घरमा उपलब्ध विभिन्न पाठ्यसामग्री, आदिले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्दछ (भ्यालेन्टाइन सन् २००५) । अभिभावकले आफ्ना छोराछोरीको सिकाइमा नै प्रत्यक्ष सहयोग गर्नुपर्छ भन्ने छैन, सिक्नको लागि अनुकूल वातावरण तयार गरिदिनु पनि ठूलो कुरा हो (शिक्षा विभाग २०६६) । शिक्षित अभिभावक, पढ्दै गरेका परिवारका अग्रज सदस्यहरू, पाठ्यपुस्तक लगायत अन्य पाठ्यसामग्री तथा स्टेसनरीको समयमा उपलब्धता, छोराछोरीको पढाइमा अभिभावकको चासो र सहभागिताका साथै अभिभावकबाट हौसला र उत्प्रेरणा प्राप्त गर्नु नै विद्यार्थीको लागि घरायसी वातावरण राम्रो हुनु हो (प्लान नेपाल सन् २००६) ।

लक्ष्मी जैनको अध्ययनअनुसार परिवारमा छोरी बुहारीप्रति गरिने व्यवहारले उसको पढाइको निरन्तरतालाई निर्धारण गर्दछ । पढाइलाई निरन्तरता दिने महिलाको परिवार सहयोगी भएको, ऊप्रति माया, विश्वास र सकारात्मक धारणा राखेको तर यसको विपरीत पढाइ बीचैमा छोड्ने महिलाको परिवारले उनीहरूलाई उपेक्षा, दमन तथा अविश्वास गर्ने गरेको उनको अध्ययनले देखाएको छ (जैन सन् २००८) । शिक्षित अभिभावकको कमी र समाजमा शिक्षित थारू रोल मोडेलको अभावले थारूको शिक्षाप्रतिको धारणा गैरथारूको भन्दा कम सकारात्मक रहेकोले गर्दा उनीहरूको शिक्षाप्रतिको पहुँच कम रहेको छ (मासलाक सन् २००३) । पश्चिम नेपालमा गरिएको एक अध्ययनमा थारू परिवारमा औपचारिक शिक्षा पाएका अभिभावकको कमी, परम्परागत धार्मिकलगायत अन्य पुस्तक, पत्रपत्रिका पढ्ने चलन नभएकोले थारू विद्यार्थी विद्यालय पुगेपछि मात्र छापा सामग्रीसँग परिचित हुन्छन् र यसकारणले गर्दा पनि उनीहरूको शैक्षिक उपलब्धि कमजोर हुन्छ भन्ने तर्क गरिएको छ (शर्मा २०५७) ।

## *विद्यालयभित्रका तत्त्व*

कुनै पनि कार्य सम्पादनको लागि अनुकूल वातावरणको आवश्यकता पर्दछ । शिक्षा लिनका लागि विद्यालय जाने अपरिपक्व उमेरका विद्यार्थीका लागि त झन् यो अपरिहार्य नै हो । विद्यालय वातावरणअन्तर्गत मुख्यतः त्यहाँको भाषा, संस्कृति र शिक्षक-विद्यार्थीलगायत विद्यालय परिवारका अन्य सदस्यहरूको एक अर्काप्रतिको व्यवहार र कक्षा शिक्षणको प्रक्रिया पर्दछन् ।

विद्यालयमा प्रयोग हुने शिक्षणको माध्यम भाषाले विद्यार्थीको शैक्षिक उपलब्धिलाई धेरै हदसम्म प्रभाव पार्दछ । नेपाली भाषा मातृभाषा नभएका वा नेपाली नै मातृभाषा भए पनि कम स्तरीय भाषा प्रयोग गर्ने विद्यार्थीले स्कूल भर्ना हुँदा मुख्यतः दुई ओटा नौला चुनौतीको सामना गर्नुपर्दछ – भाषा र ठाउँ (डीएफआईडी र वर्ल्ड बैंक सन् २००७) । शिक्षणको माध्यम भाषा नै मातृभाषा भए पनि न्यून वर्गका विद्यार्थीको परिवारमा बोलिने कम स्तरीय भाषाले पनि उनीहरूको उपलब्धिमा फरक पार्दछ किनभने कम स्तरीय भाषाले उनीहरूको सोच विचारको दायरालाई साँघुरो पार्दछ (वर्नस्टाइन् सन् १९७५) । मानिसमा रहेको सिर्जनात्मक शक्तिको विकासमा भाषा सहायकसिद्ध हुन्छ । मातृभाषाको माध्यमबाट एक व्यक्ति जति छिटो सामाजिक बन्दछ, जति छिटो उसले आफ्नो बौद्धिक विकास गर्दछ अनि आफ्नो ज्ञान र भावना सिर्जनात्मक तरिकाले अभिव्यक्त गर्न सक्दछ त्यति अन्य भाषाबाट असम्भव प्रायः हुन्छ (बन्धु २०४४) । नेपाली दोस्रो भाषा हुने धेरैजसो विद्यार्थीले उक्त भाषामा पढाइएका र पढेका विषयवस्तु कम बुझ्ने, परीक्षामा सोधिने प्रश्नहरू स्पष्ट नबुझिकन उत्तर दिने साथै उत्तर दिँदा भाषिक कठिनाइको कारणले आफूले जानेका कुरासमेत खुलस्त अभिव्यक्त गर्न नसक्ने हुँदा कम उपलब्धि हात पार्दछन् (श्रेष्ठ सन् २००१; राजभण्डारी सन् २००५) ।

भाषिक त्रुटि हुने भयले पश्चिम नेपालका थारू विद्यार्थी कक्षा कोठामा नेपालीभाषी साथी र शिक्षकहरूसँग कम बोल्ने, कक्षा कोठामा हुने अन्तर्क्रियामा कम सहभागी हुने वा आफूले नजानेका विषयवस्तु शिक्षकसँग सोध्न अप्ठ्यारो मान्ने भएकाले उनीहरूको उपलब्धि कम भएको तर्क लवदेव अवस्थीले आफ्नो अध्ययनको आधारमा गरेका छन् (अवस्थी सन् २००४) । तर यस्तो भाषिक समस्या सबै तहका विद्यार्थीमा नदेखिने कुरा आचार्य र गिरी (सन् २००९) को दाङका विद्यार्थीमा गरिएको अध्ययनले देखाउँदछ । यस अध्ययनअनुसार विद्यालय प्रवेश गरेको शुरूका २/३ वर्षसम्म नेपाली मातृभाषा नभएका विद्यार्थीलाई भाषासम्बन्धी समस्याहरू देखिए पनि कक्षा ३ देखि माथिल्लो कक्षाका विद्यार्थीको मातृभाषा र उनीहरूको प्राप्तांकबीच कुनै सम्बन्ध रहेको पाइएन ।[८] भाषिक

[८] यस अध्ययनका अधिकांश सहभागी थारू विद्यार्थी थिए ।

कठिनाइ भोगिरहेका विद्यार्थीलाई सिकाइ प्रक्रियामा सहयोग गर्ने एक मात्र अन्तिम विकल्प शिक्षकको सहयोगी व्यवहार हो (पराजुली २०६३) ।

शिक्षण सिकाइ गुणस्तरीय बनाउन अर्थात् भनौँ विद्यार्थीको शैक्षिक उपलब्धि प्रवर्धन गर्न कक्षा कोठा तहमा नै गुणस्तरीय लगानी गर्नु अति आवश्यक हुन्छ जसमध्येको एक अति महत्त्वपूर्ण तथा संवेदनशील लगानी शिक्षक हो (खनिया र विलियम्स् सन् २००९) । त्यसैले शिक्षक परिवर्तनको संवाहकको भूमिकामा प्रस्तुत हुन आवश्यक छ । त्यसको लागि उनीहरू दक्ष तथा तालिम प्राप्त हुन अपरिहार्य छ । तालिमले शिक्षकलाई सहजकर्ताको भूमिका साथै विद्यार्थीसँग गरिनुपर्ने व्यवहारको बारेमा सिकाउनु आवश्यक हुन्छ ताकि उनीहरूले विद्यार्थीलाई समान व्यवहार गर्न सकून् र मनोवैज्ञानिक तथा उपचारात्मक शिक्षण गर्न सकून् (युनिसेफ सन् १९९३) । तर तालिम प्राप्त हुँदैमा सबै शिक्षकले तालिममा सिकेका कुरा कक्षा कोठामा लागु गर्छन् भन्न चाहिँ सकिँदैन (मदन सन् २००४) । यो शिक्षकको पेशाप्रतिको इमान्दारिता र प्रतिबद्धतामा भर पर्दछ (खनिया र विलियम्स् सन् २००९) ।

शिक्षकले विद्यार्थीलाई जाति तथा समुदायगत हिसाबले प्रत्यक्षतः विभेद नगरे तापनि अप्रत्यक्ष रूपमा विभेद गरिरहेका हुन सक्छन् । उनीहरूले विद्यार्थीको लिंग, सामाजिक तथा जातीय पहिचान, उनीहरूको भाषा र संस्कृतिलाई आधार मानेर उनीहरूको शैक्षिक उपलब्धिको अपेक्षा गर्दछन् । विद्यार्थीप्रति राखिने सकारात्मक अपेक्षाले उनीहरूलाई उत्प्रेरणा प्रदान गर्दछ भने नकारात्मक अपेक्षाले मनोबल घटाउँछ (युनेस्को सन् २००४) । शिक्षकले प्रायः नजान्ने भन्दा जान्ने विद्यार्थीलाई नै बढी ध्यान दिन्छन् । त्यसैले राम्रो मानिएका विद्यार्थीहरू झनै उत्साही हुन्छन् भने अरू विद्यार्थी आफू उपेक्षित भएको महसुस गर्दछन् । परिणामस्वरूप उनीहरूको पढाइप्रतिको लगाव कमजोर हुन थाल्दछ (युनेस्को सन् २००८) ।

## विद्यार्थीको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण

यस खण्डमा लैंगिक, जातीय (थारू र ब्राह्मण/क्षत्री), कक्षागत र विषयगत आधारमा विद्यार्थीको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गरिएको छ ।

### *थारू र गैरथारू (ब्राह्मण/क्षत्री) विद्यार्थीहरूको शैक्षिक उपलब्धि*

तालिका १ मा देखाइएअनुसार लगभग ५१ प्रतिशत थारू, ३० प्रतिशत ब्राह्मण/क्षत्री र १९ प्रतिशत अन्य विद्यार्थी रहेको यस विद्यालयमा ती समुदायका विद्यार्थीको उत्तीर्ण दर क्रमशः ६८, ८० र ७६ प्रतिशत छ । उत्तीर्ण दरलाई आधार मान्दा ब्राह्मण/क्षत्री विद्यार्थी थारू विद्यार्थीभन्दा १२ प्रतिशतले अगाडि देखिन्छन् ।

**तालिका १ : थारू र ब्राह्मण/क्षत्री विद्यार्थीको शैक्षिक उपलब्धिको तुलना, २०६२–२०६६[९]**

| | थारू | | | ब्राह्मण/क्षत्री | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| विद्यालय भर्ना भएका जम्मा विद्यार्थी | ८३२ (४३.६%) | १०७६ (५६.४%) | १९०८ (५०.५%) | ५०० (४३.९%) | ६३८ (५६.१%) | ११३८ (३०.१%) |
| जम्मा उत्तीर्ण विद्यार्थी | ५८३ | ७१८ | १३०१ | ४०२ | ५०८ | ९१० |
| उत्तीर्ण दर (%) | ७०.१ | ६६.७ | ६८.२ | ८०.४ | ७९.६ | ८०.० |
| विशिष्ट श्रेणी (%) | - | ० | ० | ० | १ | १ |
| प्रथम श्रेणी (%) | १.३ | १.२ | १.३ | ८.२ | ४.५ | ६.२ |
| द्वितीय श्रेणी (%) | ३१.५ | २७.७ | २९.३ | ४२.० | ४१.१ | ४१.८ |
| तृतीय श्रेणी (%) | ३७.३ | ३७.७ | ३७.५ | २९.८ | ४१.१ | ३१.९ |
| जम्मा अनुत्तीर्ण विद्यार्थी (%) | २५.६ | ३०.८ | २८.५ | १६.४ | १८.५ | १७.६ |
| कक्षा छोड्ने विद्यार्थी (%) | ४.३ | २.५ | ३.३ | ३.३ | १.९ | २.५ |

*स्रोत : स्थलगत अध्ययन, २०६६/२०६७ ।*

विशेष गरी उत्तीर्ण ब्राह्मण/क्षत्री विद्यार्थीमध्ये ६१ प्रतिशत विद्यार्थी विशिष्ट, प्रथम, र द्वितीय श्रेणीमा उत्तीर्ण हुनु तर थारू विद्यार्थीको उक्त प्रतिशत ४५ मात्र हुनु पनि तुलनात्मक रूपमा थारू विद्यार्थीको शैक्षिक उपलब्धि कम रहेको निष्कर्षमा पुग्न सकिन्छ । यसको साथै उत्कृष्ट दश स्थानमा पर्ने विद्यार्थीमध्ये ५२.७ प्रतिशत ब्राह्मण/क्षत्री र १८.७ प्रतिशत मात्र थारू रहनुले पनि यही कुराको पुष्टि गर्दछ ।[१०] थारू विद्यार्थीको अनुत्तीर्ण दर ब्राह्मण/क्षत्री विद्यार्थीको भन्दा ११ प्रतिशतले धेरै छ । बीचैमा पढाइ छोड्ने दर पनि थारूकै धेरै देखिन्छ ।

थारू छात्र र ब्राह्मण/क्षत्री छात्रको उत्तीर्ण दर र विशिष्ट, प्रथम र द्वितीय श्रेणीमा उत्तीर्ण दर हेर्दा थारू छात्र धेरै पछाडि देखिन्छन् । त्यसै गरी ब्राह्मण/क्षत्री छात्रा र थारू छात्राको

[९] कक्षा छोड्ने विद्यार्थीको प्रतिशत सम्बन्धित कक्षाको अन्तिम परीक्षामा सामेल नभएका विद्यार्थी संख्याका आधारमा निकालिएको हो । यो संख्या सम्बन्धित कक्षाको “मार्क्स लेजर” मा उल्लेख गरिएको थियो ।

[१०] यो आँकडा शैक्षिक वर्ष २०६२ देखि २०६६ सालसम्मका कक्षा ८, ९ र १० को नतिजा विवरणको आधारमा औसतमा निकालिएको हो ।

उक्त दर हेर्दा पनि अघिल्लो समुदायका छात्रा धेरै अगाडि देखिन्छन् । अनुत्तीर्ण दर थारू छात्राको धेरै छ भने कक्षा छोड्ने दर थारू छात्रको धेरै देखिन्छ ।

थारू र ब्राह्मण/क्षत्री विद्यार्थीलाई लैंगिक आधारमा विश्लेषण गर्दा सहभागिताको हिसाबले यी दुवै समुदायका छात्र भन्दा छात्राहरू १२ प्रतिशतले अगाडि देखिन्छन् । शैक्षिक वर्ष २०६२ देखि २०६६ सालसम्मका विद्यार्थी सहभागिता हेर्दा थारू छात्रछात्रा बीचको यो खाडल क्रमशः बढ्दै गएको देखिन्छ भने ब्राह्मण/क्षत्री विद्यार्थीको क्रमशः घट्दै गएर २०६६ सालमा पुनः बढेको देखिन्छ (हेर्नुहोस् तालिका २) । शैक्षिक वर्ष २०६२ र २०६६ सालमा थारू छात्राको सहभागिता छात्रको भन्दा क्रमशः ४.३ र २२.६ प्रतिशतले धेरै थियो भने ब्राह्मण/क्षत्री छात्राको क्रमशः ६.८ र १२.५ प्रतिशत रहेको थियो ।

**तालिका २ : थारू र ब्राह्मण/क्षत्री छात्रछात्राको सहभागिता, वि.सं. २०६२–२०६६**

| शैक्षिक वर्ष | थारू (प्रतिशतमा) | | | ब्राह्मण/क्षत्री (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | फरक | छात्र | छात्रा | फरक |
| २०६२ | ४७.९ | ५२.१ | ४.३ | ४६.६ | ५३.४ | ६.८ |
| २०६३ | ४७.९ | ५२.१ | ४.२ | ४२.७ | ५७.३ | १४.६ |
| २०६४ | ४४.९ | ५५.१ | १०.२ | ४३.३ | ५६.७ | १३.५ |
| २०६५ | ३९.४ | ६०.६ | २१.१ | ४६.२ | ५३.८ | ७.७ |
| २०६६ | ३८.७ | ६१.३ | २२.६ | ४३.८ | ५६.३ | १२.५ |

*स्रोत : स्थलगत अध्ययन, २०६६/२०६७ ।*

## *कक्षागत उत्तीर्ण दर*

कक्षागत उत्तीर्ण दर तुलना गर्दा प्रत्येक कक्षा (कक्षा ८, ९ र १०) मा थारू विद्यार्थी ब्राह्मण/क्षत्रीभन्दा निकै पछाडि देखिन्छन् । थारू र ब्राह्मण/क्षत्री दुवै समुदायका विद्यार्थीको कक्षा १० को नतिजा सबैभन्दा राम्रो देखिएको छ । विद्यार्थीले कक्षा ८ र १० को जिल्ला स्तरीय परीक्षामा कक्षा ९ को आन्तरिक परीक्षामा भन्दा राम्रो गरेको देखिन्छ । तर थारू छात्राको उत्तीर्ण दर कक्षा ८, ९ र १० मा क्रमशः बढ्दै गएको देखिन्छ । विभिन्न कक्षामा थारू र ब्राह्मण/क्षत्री छात्रछात्राको उत्तीर्ण दर चित्र १ बाट प्रस्ट हुन्छ ।

## *विषयगत शैक्षिक उपलब्धि*

विद्यार्थीको विषयगत उपलब्धि तुलना गर्न कक्षा ८ का सम्पूर्ण विषय एवं कक्षा ९ र १० का छ ओटा अनिवार्य विषय – अंग्रेजी, नेपाली, गणित, विज्ञान, सामाजिक र स्वास्थ्य

जनसंख्या तथा वातावरण मात्र समेटिएका छन् । यसअन्तर्गत विद्यार्थीको उत्तीर्ण दर, सरदर प्राप्तांक र "कोइफिसेन्ट अफ भेरिएसन"[११] तुलना गरिएको छ ।




*चित्र १ : कक्षा ८, ९ र १० का थारू र ब्राह्मण/क्षत्री विद्यार्थीको सरदर उत्तीर्ण दर, वि.सं.२०६२–२०६६ ।*

विषयगत उत्तीर्ण दरमा होस् या विषयगत सरदर प्राप्तांकमा, लगभग सबै कक्षाका सबै विषयमा थारूको तुलनामा ब्राह्मण/क्षत्री विद्यार्थी नै अगाडि देखिन्छन् । तर कोइफिसेन्ट अफ भेरिएसन पनि प्रायः सबै विषयमा ब्राह्मण/क्षत्री विद्यार्थीको नै धेरै छ । यसले उपलब्धिको दृष्टिले ब्राह्मण/क्षत्री विद्यार्थीभित्र धेरै असमान स्तरका विद्यार्थी भएको संकेत गर्दछ । यी दुवै समुदायका विद्यार्थीको विषयगत उत्तीर्ण दर र सरदर प्राप्तांक अंग्रेजी, गणित र विज्ञानमा कम छ भने कोइफिसेन्ट अफ भेरिएसन धेरै छ र नेपाली, सामाजिक, स्वास्थ्य तथा वातावरणमा उत्तीर्ण दर र सरदर प्राप्तांक उच्च छ भने कोइफिसेन्ट अफ भेरिएसन कम छ । ब्राह्मण/क्षत्री र थारू दुवै समुदायका विद्यार्थीको विषयगत उत्तीर्ण दर र सरदर प्राप्तांक कक्षा ८ मा क्रमशः नेपाली र स्वास्थ्यमा उच्च देखिन्छ भने कक्षा ९ मा उत्तीर्ण दर र सरदर प्राप्तांक एउटै विषय नेपालीमा र कक्षा १० मा एउटै विषय स्वास्थ्य जनसंख्या तथा वातावरणमा सबैभन्दा उच्च रहेको देखिन्छ (हेर्नुहोस् तालिका ३) । परीक्षा नियन्त्रण कार्यालयले सन् २००२ मा प्रकाशन गरेको तथ्यांकले प्रवेशिका परीक्षामा पनि विद्यार्थीको उपलब्धि विषयगत रूपमा

[११] यसमार्फत तथ्यांक समान चरित्रका छन् या तिनका बीचमा ठूलो असमानता छ भनेर जाँच्न सकिन्छ । यस लेखको सन्दर्भमा कोइफिसेन्ट अफ भेरिएसन धेरै हुनु भनेको प्राप्तांकमा असमानताको दर धेरै हुनु हो अर्थात् अति जान्ने, जान्ने, नजान्ने र अति कम जान्ने विद्यार्थी छन् भन्ने बुझिन्छ ।

फरकफरक देखाएको छ । उक्त तथ्यांकका अनुसार ऐतिहासिक रूपले नै विद्यार्थी अंग्रेजी, गणित र विज्ञानमा कमजोर भएको देखिन्छ भने नेपाली, सामाजिक र स्वास्थ्य जनसंख्या तथा वातावरणमा उनीहरूको उपलब्धि तुलनात्मक रूपमा सन्तोषजनक छ (ओसीई सन् २००२; भट्ट सन् २००९) ।

समुदायभित्रै आन्तरिक रूपले छात्र र छात्रालाई तुलना गर्दा कक्षा ८ मा थारू छात्राहरू छात्रभन्दा विषयगत उत्तीर्ण दर र सरदर प्राप्तांकमा लगभग सबै विषयमा पछाडि देखिन्छन् । ब्राह्मण/क्षत्री छात्राको अवस्था पनि उस्तै छ । अंग्रेजी, गणित र विज्ञानमा थारू छात्रहरू छात्राभन्दा धेरै सिपालु देखिन्छन् भने अन्य विषयमा प्रतिस्पर्धात्मक अवस्था देखिन्छ । तर ब्राह्मण/क्षत्री छात्रछात्राको उपलब्धि लगभग सबै विषयमा प्रतिस्पर्धात्मक रहेको पाइन्छ । लगभग सबै विषयको उत्तीर्ण दरमा अगाडि देखिएका छात्रा सरदर प्राप्तांकमा भने नेपाली र स्वास्थ्य जनसंख्या तथा वातावरणमा बाहेक अन्य विषयमा छात्रलाई उछिन्न नसकेको तालिका ४ ले देखाउँछ ।

आन्तरिक रूपमा थारू छात्रछात्राबीच र ब्राह्मण/क्षत्री छात्रछात्राबीच अत्यन्त प्रतिस्पर्धा देखिए पनि अन्ततः दुवै समुदायका छात्रको उत्तीर्ण दर र प्राप्तांक थोरैले भए पनि उच्च देखिन्छ । तर थारू र ब्राह्मण/क्षत्री विद्यार्थीलाई तुलना गर्दा भने थारू विद्यार्थी अंग्रेजी, गणित र विज्ञानमा ब्राह्मण/क्षत्री विद्यार्थीभन्दा धेरै कमजोर देखिन्छन् र नेपाली, सामाजिक र स्वास्थ्य जनसंख्या तथा वातावरणमा भने प्रतिस्पर्धात्मक अवस्था देखिन्छ (हेर्नुहोस् तालिका ३) । यसबाट थारू विद्यार्थी भाषाकै कारणले पछाडि नपरेको बुझ्न सकिन्छ ।

समग्रमा यस खण्डले छात्राको तुलनामा छात्रको र थारूको तुलनामा ब्राह्मण/क्षत्री विद्यार्थीको शैक्षिक उपलब्धि उच्च रहेको निष्कर्ष निकाल्न मद्दत पुऱ्याउँछ । यद्यपि शैक्षिक गुणस्तरको दृष्टिले ब्राह्मण/क्षत्री विद्यार्थीभित्र धेरै असमान स्तरका विद्यार्थी भेटिन्छन् । कक्षागत आधारमा विद्यार्थीको उपलब्धि तुलना गर्दा कक्षा १० को नतिजा सबैभन्दा राम्रो देखिन्छ । विद्यार्थीको विषयगत उत्तीर्ण दर र सरदर प्राप्तांक अंग्रेजी, गणित र विज्ञानमा कम र अन्य विषयमा तुलनात्मक रूपमा राम्रो देखिन्छ । थारू विद्यार्थीले अंग्रेजी, गणित र विज्ञानमा भन्दा नेपाली, सामाजिक र स्वास्थ्य जनसंख्या तथा वातावरण जस्ता भाषिक विषयमा ब्राह्मण/क्षत्री विद्यार्थीसँग प्रतिस्पर्धा गर्दा (हेर्नुहोस् तालिका ५) उनीहरू भाषाकै कारणले पछाडि नपरेको बुझ्न सकिन्छ ।

**तालिका ३ : कक्षा ८ को थारू र ब्राह्मण/क्षत्री छात्रछात्राको विषयगत उत्तीर्ण दर र सरदर प्राप्तांक, वि.सं.२०६२–२०६६[१२]**

| विषय | थारू | | | | | | ब्राह्मण/क्षत्री | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण दर (प्रतिशतमा) | | | सरदर प्राप्तांक (प्रतिशतमा) | | | उत्तीर्ण दर (प्रतिशतमा) | | | सरदर प्राप्तांक (प्रतिशतमा) | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| नेपाली | ९३.७ | ९१. ९ | ९२. ५ | ४१.१ | ४४.१ | ४२.९ | ९६.५ | ९७. ७ | ९७. २ | ४८.२ | ४६.२ | ४७.३ |
| अंग्रेजी | ७४.६ | ६४.९ | ६९.० | ३७.५ | ३६.२ | ३८.८ | ८४.४ | ७९.५ | ८१.६ | ४२.४ | ३९.२ | ४०.२ |
| गणित | ७२.८ | ६३.८ | ६७.६ | ३५.९ | ३३.५ | ३४.५ | ७७.५ | ७७.२ | ७७.३ | ४०.६ | ३६.१ | ३८.१ |
| विज्ञान | ७१.९ | ६२.७ | ६६.५ | ३८.७ | ३५.८ | ३७.० | ८३.२ | ७८.५ | ८०.६ | ४२.४ | ४०.६ | ४१.० |
| सामाजिक | ८४.७ | ७८.७ | ८१.२ | ४७.६ | ४६.९ | ४७.२ | ९४.२ | ९०.० | ९१.८ | ५४.५ | ५०.० | ५१.९ |
| स्वास्थ्य | ९०.२ | ८७.७ | ८८.८ | २९.९ | २९.३ | २९.५ | ९४.२ | ९३.२ | ९३.६ | ३१.५ | ३०.९ | ३१.२ |
| जनसंख्या | ८८.१ | ८६.० | ८६.८ | २१.३ | २२.२ | २१.६ | ९३.६ | ९४.१ | ९३.९ | २४.२ | २३.५ | २३.८ |
| पूर्व-व्यावसायिक | ८३.२ | ८१.१ | ८२.० | २३.२ | २२.७ | २२.५ | ८६.७ | ८५.८ | ८६.२ | २३.१ | २३.० | २३.० |
| नागरिक जीवन | ८६.२ | ८५.३ | ८५.७ | २७.९ | २९.१ | २८.६ | ९०.२ | ९१.३ | ९०.८ | ३०.० | २९.७ | २९.८ |

*स्रोत : स्थलगत अध्ययन, २०६६/२०६७ ।*

[१२] स्वास्थ्य, जनसंख्या, पूर्व-व्यावसायिक शिक्षा र नागरिक जीवन ५० पूर्णांकका विषय हुन् भने अन्य विषय १०० पूर्णांकका हुन् । साथै अंग्रेजीमा ३०, विज्ञानमा र सामाजिक शिक्षामा २५, स्वास्थ्यमा ४० र नागरिक जीवनमा २० अंकको प्रयोगात्मक परीक्षा हुन्छ । यसको प्रत्यक्ष प्रभाव विद्यार्थीको सरदर प्राप्तांकमा परेको देखिन्छ ।

**तालिका ४ : कक्षा ९ का थारू र ब्राह्मण/क्षत्री छात्रछात्राको विषयगत उत्तीर्ण दर र सरदर प्राप्तांक, वि.सं. २०६२–२०६६**

| विषय | थारू | | | | | | ब्राह्मण/क्षत्री | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण दर (प्रतिशतमा) | | | सरदर प्राप्तांक (प्रतिशतमा) | | | उत्तीर्ण दर (प्रतिशतमा) | | | सरदर प्राप्तांक (प्रतिशतमा) | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| नेपाली | ८७.६ | ९२.० | ९०.१ | ४२.८ | ४५.२ | ४४.१ | ९१.३ | ९५.१ | ९३.५ | ४७.७ | ४९.९ | ४९.० |
| अंग्रेजी | ७२.२ | ७२.६ | ७२.९ | ३४.८ | ३३.० | ३३.८ | ७७.६ | ८०.२ | ७९.० | ३७.७ | ३५.९ | ३६.७ |
| गणित | ६४.६ | ६५.७ | ६५.२ | ३१.४ | २८.९ | २९.९ | ७२.४ | ७५.३ | ७४.० | ३३.९ | ३१.३ | ३२.४ |
| विज्ञान | ६४.३ | ६६.९ | ६५.८ | ३२.३ | ३१.२ | ३१.६ | ७३.० | ७५.३ | ७४.३ | ३५.५ | ३३.८ | ३४.४ |
| सामाजिक | ८६.० | ९०.५ | ८८.५ | ४२.४ | ४१.३ | ४१.८ | ८७.८ | ९१.५ | ८९.८ | ४४.६ | ४४.१ | ४४.४ |
| स्वास्थ्य, जनसंख्या तथा वातावरण | ८५.४ | ८८.१ | ८६.९ | ४१.१ | ४१.४ | ४१.३ | ८५.२ | ९४.७ | ९०.५ | ४४.३ | ४५.४ | ४४.५ |

*स्रोत : स्थलगत अध्ययन, २०६६/२०६७ ।*

**तालिका ५ : कक्षा १० को थारू र ब्राह्मण/क्षत्री छात्रछात्राको विषयगत उत्तीर्ण दर र सरदर प्राप्तांक, वि.सं. २०६२–२०६६**[१३]

| विषय | थारू | | | | | | ब्राह्मण/क्षत्री | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्तीर्ण दर (प्रतिशतमा) | | | सरदर प्राप्तांक (प्रतिशतमा) | | | उत्तीर्ण दर (प्रतिशतमा) | | | सरदर प्राप्तांक (प्रतिशतमा) | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| नेपाली | ९२.७ | ९५.४ | ९४.१ | ४०.४ | ४०.३ | ४०.३ | ९७.० | ९८.८ | ९८.० | ४६.८ | ४६.२ | ४६.४ |
| अंग्रेजी | ८८.५ | ८६.७ | ८७.५ | ४४.१ | ४४.८ | ४३.१ | ९७.० | ९३.१ | ९४.८ | ४७.८ | ४४.५ | ४६.० |
| गणित | ८५.९ | ८३.९ | ८४.८ | ३६.८ | ३२.८ | ३४.७ | ९५.५ | ९३.१ | ९४.१ | ४५.२ | ३८.३ | ४१.८ |
| विज्ञान | ८६.४ | ८४.४ | ८५.३ | ४८.७ | ४५.९ | ४७.२ | ९५.५ | ९३.१ | ९४.१ | ५३.४ | ५०.२ | ५१.६ |
| सामाजिक | ९६.९ | ९५.४ | ९६.१ | ४१.४ | ३९.६ | ४०.४ | १००.० | ९७.१ | ९८.६ | ४६.८ | ४५.१ | ४५.८ |
| स्वास्थ्य, जनसंख्या तथा वातावरण | ९६.९ | ९८.२ | ९७.६ | ६०.७ | ६०.८ | ६०.८ | ९८.५ | ९९.४ | ९९.० | ६३.९ | ६५.२ | ६४.७ |

*स्रोत : स्थलगत अध्ययन, २०६६/२०६७ ।*

[१३] अंग्रेजी, विज्ञान र स्वास्थ्य जनसंख्या तथा वातावरण विषयको २५ अंकको प्रयोगात्मक परीक्षा र ७५ अंकको मात्र लिखित परीक्षा हुने हुँदा यसको प्रभाव विद्यार्थीको सरदर प्राप्तांकमा देखिएको छ ।

## समान शैक्षिक अवस्थाका थारू र ब्राह्मण/क्षत्री विद्यार्थीको पारिवारिक वातावरण

भनिन्छ परिवार मानिसको पहिलो पाठशाला हो र अभिभावक पहिलो शिक्षक । साधारणतया व्यक्तिले परिवारमा पाएको वातावरणअनुसार नै उसको शारीरिक, मानसिक र संवेगात्मक विकास भइरहेको हुन्छ । पढाइमा अभिभावकको चासो र सहभागिताका साथै हौसला र उत्प्रेरणाले विद्यार्थीको शैक्षिक उपलब्धिसमेत उच्च हुन्छ (प्लान नेपाल सन् २००६) । यस खण्डमा विद्यार्थीको शैक्षिक उपलब्धिसँग पारिवारिक वातावरणको सम्बन्ध कस्तो छ भन्नेबारे लेखाजोखा गरिएको छ ।

### *शैक्षिक उपलब्धि उच्च भएका विद्यार्थीको पारिवारिक वातावरण*

कक्षा ८, ९ र १० को शैक्षिक वर्ष २०६६ सालको वार्षिक परीक्षा र शैक्षिक वर्ष २०६७ सालको प्रथम त्रैमासिक परीक्षामा उत्कृष्ट १० स्थान ल्याउने विद्यार्थीको समूहबाट सात जना थारू र सात जना ब्राह्मण/क्षत्री विद्यार्थी छनोट गरी उनीहरूको पारिवारिक वातावरण तुलना गरिएको थियो । उत्कृष्ट थारू र ब्राह्मण/क्षत्री विद्यार्थीको पारिवारिक वातावरण छुट्टाछुट्टै शीर्षकमा राखी यहाँ विश्लेषण गरिएको छ ।

#### *उत्कृष्ट थारू विद्यार्थीको पारिवारिक वातावरण*

यस अनुसन्धानमा उत्तरदाताका रूपमा छनोटमा परेका उत्कृष्ट थारू विद्यार्थीमध्ये एक जना छात्राका आमाबुबा शिक्षित रहेको पाइयो भने बाँकी छ जनाका आमाबुबा सामान्य साक्षर थिए । सोनु चौधरीले आफ्नो पढाइमा अभिभावकको सहयोग र सहभागिताबारे भनिन् :

> हामी दुई जना दिदीबहिनी र आमाबुबा गरी चार जना परिवार छौँ । बहिनी र म एउटै कोठामा सुत्छौँ र त्यहीँ सँगै पढ्छौँ । बेलुका हामी पढुञ्जेल आमाबुबा पनि सुत्नुहुन्न । कुनै बेला हामीलाई हेर्न हाम्रो कोठामा आउनुहुन्छ, कुनै बेला आफ्नो काम गर्नुहुन्छ र कुनै बेला टीभी हेर्नुहुन्छ । पढ्ने बेलामा केही समस्या परे बुबाले नै सहयोग गर्नुहुन्छ । बुबा पहिला एउटा निजी स्कूलमा माध्यमिक तहसम्म पढाउनु हुन्थ्यो । त्यसैले उहाँले हामीलाई गणितबाहेक अन्य विषयमा सहयोग गर्न सक्नुहुन्छ । बहिनीलाई त प्रायः मैले नै सहयोग गर्छु । हाम्रो पढाइमा आमाबुबाले पर्याप्त चासो लिनुहुन्छ । बिहान प्रायः बुबाले स्कूलसम्म छोडिदिनु हुन्छ र कहिलेकाहीँ शिक्षकसँग हाम्रो पढाइको बारेमा जानकारी लिनुहुन्छ । सबैभन्दा रमाइलो कुरा त हामीलाई काम लाग्ने कुराहरू पत्रपत्रिकामा देख्नुभयो

> भने त्यो पढ्न लगाउनुहुन्छ । पत्रपत्रिकामा निकालिएका रोजगारीका अवसरका सूचनाहरू देखाएर कुन रोजगारीको लागि कस्तो किसिमको योग्यता चाहिन्छ भनेर सिकाउनुहुन्छ ।[१४]

सोनुले आफ्नो अभिभावकबाट आफ्नो पढाइमा धेरै सहयोग पुगेको बताइन् । कक्षा १० मा अध्ययनरत थारू छात्रा अनिता चौधरीले आमाबुबा सामान्य साक्षर भए पनि भरखरै मात्र उच्च मावि तह पूरा गरेका उनको दाइले आफ्नो पढाइमा सहयोग गर्ने गरेको बताइन् । यद्यपि दाइ काठमाडौँ बसेर पढ्ने गरेकोले यो सहयोग उनले हरबखत पाउन भने सक्दिनन् । आमाबुबाले पढ्नलाई हौसला दिने गरेको भने उनको अनुभव छ । जान्ने साथीको संगत गर्न रुचाउने चौधरीले नजानेका विषयमा विद्यालयमा सम्बन्धित शिक्षक तथा साथीसँग सोधखोज गर्ने बताइन् । तर बाँकी पाँच जना उत्कृष्ट थारू विद्यार्थीको अभिभावक सामान्य साक्षर या निरक्षर रहेको पाइयो । धेरैजसो विद्यार्थी किसानका छोराछोरी भएकाले यिनीहरूले पाठ्यपुस्तकबाहेक अन्य पाठ्यसामग्री घरमा उपलब्ध नभएको बताए । यद्यपि उनीहरूले कहिलेकाहीँ नजिकको पसलमा या विद्यालयमै पत्रपत्रिका पढ्ने गरेको बताए । यही समूहमा पर्ने कक्षा ९ मा अध्ययनरत सोमराज चौधरीले आफूले पाएको पारिवारिक वातावरण यसरी व्यक्त गरे :

> आमाबुबा निरक्षर हुनुहुन्छ । खेतीपाती र मजदुरी गरेर हामीलाई पढाइरहनु भएको छ । दिदी, दाइ र म एउटै कोठामा सुत्छौँ र त्यही कोठामा पढ्छौँ । नजानेका कुराहरू सिकाइदिने कोही छैनन् । घरमा पढ्दा केही समस्या पऱ्यो भने टिपोट गर्छु र विद्यालयमा साथीहरूलाई सोध्छु । परीक्षा दिएर फर्केपछि परीक्षा राम्रो भए-नभएको कुरा किताब र नोट कापी हेरेर निर्क्योल गर्छु । आमाबुबाले राम्रोसँग पढ्नु पर्छ भनेर सम्झाइरहनुहुन्छ । जति बेला पनि पढ् मात्रै भन्नुहुन्छ । पढ्दा-पढ्दै कुनै कुरा बुझिएन भने सिकाइदिने मान्छे कोही नहुँदा कहिलेकाहीँ दिक्क लाग्छ र चाँडै सुत्छु ।[१५]

सोमराज चौधरी धेरैजसो उत्कृष्ट थारू विद्यार्थीको प्रतिनिधि पात्र हुन्, जसले घरपरिवारबाट पर्याप्त शैक्षिक सहयोग नपाए पनि उत्कृष्ट १० विद्यार्थीभित्र पर्न सफल भएका छन् । यस्तै कठिनाइको सामना गर्दै उत्कृष्ट विद्यार्थीको सूचीमा आफ्नो नाम समावेश गर्न सफल जुना

[१४] सोनु चौधरीसँग ५ भदौ २०६६ मा गरिएको कुराकानी । कक्षा १० मा अध्ययनरत चौधरी उत्कृष्ट १० स्थानभित्र पर्छिन् । उनका बुबा व्यापारी र आमा ल्याब टेक्निसियन हुन् ।

[१५] सोमराज चौधरीसँग ७ भदौ २०६७ मा गरिएको कुराकानी । चौधरी उत्कृष्ट १० स्थानभित्र परे पनि तुलनात्मक रूपमा उनको उपलब्धि कमजोर छ । द्वितीय श्रेणीमा उत्तीर्ण भएका चौधरी कक्षा ९ मा अध्ययनरत थिए ।

चौधरीले आफूले परिवारबाट नैतिक समर्थन पूर्ण रूपले पाए पनि शैक्षिक सहयोग भने नपाएको बताइन् ः

> जाने पनि नजाने पनि आफू एक्लैले अभ्यास गरिरहन्छु । आफूले धेरै प्रयास गर्दा पनि समस्याको समाधान पाइनँ भने मात्रै साथीहरूलाई र शिक्षकलाई सोध्छु । अरूले टीभी हेरुञ्जेल मलाई पढ्नमा बाधा पुग्छ । अरू सुतेको बेलामा मैले बत्ती बालेर पढ्दा अरूलाई असहज हुन्छ । त्यसैले प्रायः भान्सा कोठामा नै पढ्छु । आमाबुबाले राम्रोसँग पढ्नुपर्छ भनेर सम्झाइरहनुहुन्छ । तर उहाँहरूलाई पढाइसम्बन्धी धेरै थाहा नभएकोले विद्यार्थीलाई के-कस्तो समस्या आइपर्छ, मैले के पढ्दै छु, के पढ्दै छैन भन्नेबारे म आफैले उहाँहरूलाई भनिरहनुपर्छ । परीक्षामा कस्तो गरेँ, कुन र कस्तो खालको प्रश्नको उत्तर राम्रो भएन भनेर म आफैले किताब र नोट कापीको आधारमा छुट्ट्याउँछु । मेरो पनि अस्मिता श्रेष्ठ[१६] र सोनु को जस्तो प्रश्नपत्र हेरिदिने र कति नम्बर आउँछ अड्कलसमेत गरिदिने कोही भएको भए सायद अझै राम्रो गर्थें होला ।[१७]

जुना चौधरीले आफ्ना प्रतिस्पर्धी साथीले जस्तो परिवारमा उचित शैक्षिक वातावरण नपाए पनि आफ्नो पढाइलाई राम्रो बनाउन हरतरहले प्रयासरत रहन्छिन् । विकल्पको रूपमा भान्सा कोठामा पढ्ने जस्ता उपाय पनि उनले प्रयोग गरेको देखिन्छ । अर्का दुई विद्यार्थी विनोद चौधरी र राजु चौधरीले पनि आफूले परिवारबाट शैक्षिक सहयोग पाउन नसकेको गुनासो सुनाए । छरछिमेकमा सबै पढ्ने खालको भए आफ्नो पढाइ अझै राम्रो हुन्थ्यो होला भन्ने अनुमान यी विद्यार्थीले गरे ।

अन्तर्वार्तामा समावेश गरिएका धेरै उत्कृष्ट थारू विद्यार्थीका आमाबुबा सामान्य साक्षर भएको र कृषि पेशामा लागेको पाइयो । घरमा पाठ्यपुस्तक बाहेक अन्य पाठ्यसामग्रीहरू उपलब्ध नरहेको, छुट्टै पढ्ने कोठा नरहेको, किसानका छोराछोरी भएकाले खेतीपातीको मौसममा आमाबुबालाई काममा सघाउनुपर्ने अवस्था देखिन्छ । यसबाट प्रस्ट रूपमा बुझ्न सकिन्छ कि थारू उत्कृष्ट विद्यार्थीले घरमा पर्याप्त मात्रामा शैक्षिक वातावरण पाउन सकेका छैनन् । यी सात जना विद्यार्थीमध्ये एक जना छात्रा (जसको पारिवारिक वातावरण राम्रो छ) को बाहेक अरू सबैको दिदीबहिनी वा दाजुभाइको शैक्षिक उपलब्धि एकदमै न्यून रहेको पाइयो ।

[१६] कक्षा १० मा अध्ययनरत श्रेष्ठको स्थान कक्षामा द्वितीय  थियो ।

[१७] जुना चौधरीसँग १० भदौ २०६७ मा गरिएको कुराकानी । कक्षा १० मा अध्ययनरत उनको स्थान कक्षामा तृतीय थियो ।

स्टेवार्टका अनुसार विद्यार्थीको शैक्षिक उपलब्धिमा पारिवारिक वातावरणको प्रभाव शक्तिशाली तत्त्वको रूपमा रहे पनि विद्यार्थीको संगत, पढाइप्रतिको आकर्षण, लगाव र दक्षताले पनि उनीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पारिरहेको हुन्छ (स्टेवार्ट सन् २००६) । तर प्रतिकूल पारिवारिक वातावरणको बाबजुद पनि उत्कृष्ट शैक्षिक उपलब्धि प्राप्त गर्ने विद्यार्थी ज्यादै न्यून संख्यामा पाइन्छन् । यस अनुसन्धानमा उत्कृष्ट १० स्थानमा पर्ने विद्यार्थीमध्ये ५२.७ प्रतिशत ब्राह्मण/क्षत्री, २८.७ प्रतिशत अन्य र १८.७ प्रतिशत मात्र थारू विद्यार्थी देखिनुले पनि यस कुराको पुष्टि गर्दछ ।

### *उत्कृष्ट ब्राह्मण/क्षत्री विद्यार्थीको पारिवारिक वातावरण*

यस अध्ययनमा समावेश गरिएका सात जना उत्कृष्ट ब्राह्मण/क्षत्री विद्यार्थीमध्ये पाँच जनाका बुबाको शिक्षा एसएलसी वा सोभन्दा माथिको थियो भने दुई जनाको चाहिँ एसएलसीभन्दा कम थियो । तर आमाहरूको सन्दर्भमा भने पाँच जना ८-९ कक्षासम्मको शिक्षा पाएका र दुई जना सामान्य साक्षर रहेको पाइयो । यी सात जना उत्कृष्ट विद्यार्थीमध्ये छ जनाका दिदी, दाइ वा परिवारका अन्य सदस्यहरू कलेज पढ्दै गरेको (जसको सहयोग उनीहरूले पाउने गरेको) पाइयो भने बाँकी एक जनाको घरमा उनलाई पढाइमा सघाउन सक्ने मान्छे नहुँदा घरमा नै ट्यूसनको व्यवस्था गरेको पाइयो । घरमा ट्यूसन पढ्ने दीक्षा गिरी भन्छिन् ः

> बुबाले प्रवेशिका उत्तीर्ण र आमाले कक्षा ९ सम्मको पढाइ पूरा गर्नुभएको छ । बुबा सेनाको जागिर छोडेर विदेश जानुभएको हो । आमाबुबा दुवैले राम्रोसँग पढ्नुपर्छ भनेर सम्झाइरहनुहुन्छ । पढाइमा सहयोग होस् भनेर घरमा नै आएर पढाइ दिने शिक्षक राखिदिनुभएको छ । आफूले नजानेका विषयवस्तु उहाँलाई नै सोध्छु । परीक्षाको समयमा उहाँले प्रश्नपत्र हेरेर मिले-नमिलेको बताइदिनुहुन्छ । फुर्सदको समयमा कहिलेकाहीँ टीभी हेर्ने, सामान्य ज्ञानका किताब पढ्ने गर्छु ।[१८]

यसरी दीक्षाको परिवारको शैक्षिक अवस्था अन्य छ जना उत्कृष्ट ब्राह्मण/क्षत्री विद्यार्थीको जस्तो राम्रो नदेखिए पनि छोराछोरीलाई कम्तीमा पनि स्नातकसम्म पढाउनै पर्छ भन्ने सोच उनकी आमाले लिएको पाइयो । आफ्नो आर्थिक अवस्था त्यति बलियो नभए पनि छोराछोरीको पढाइ राम्रो होस् भनेर सकी-नसकी पढाउने मान्छे राखेको उनले बताइन् । दीक्षाको भन्दा फरक कथा बोकेकी मनिषा भट्ट भन्छिन् ः

[१८] दीक्षा गिरीसँग १२ भदौ २०६७ मा गरिएको कुराकानी ।

> आमाबुबाको शिक्षा स्कूले तहमा नै सीमित छ । जागिर छैन, न त आर्थिक अवस्था नै राम्रो छ । सानो किराना पसलबाट हुने आम्दानीले चार जना छोराछोरी काठमाडौँ जस्तो ठाउँमा पढाउन नसक्ने अवस्था भएकोले हामी दुई दिदीबहिनी मामा घरमा बसेर पढ्दैछौँ। भाइ र बहिनी आमाबुबासँगै बसेर पढ्छन् । हाम्रो पढाइ खर्चदेखि लिएर सम्पूर्ण खर्च मामाघरबाट नै हुन्छ । हजुरबुबा र हजुरआमाले हाम्रो पढाइको बारेमा धेरै चासो राख्नुहुन्छ । मैले नजानेको कुरा दिदीले सिकाउनुहुन्छ । मसँग सामान्य ज्ञानका किताब, अंग्रेजी र गणितका अभ्यास पुस्तिकाहरू छन् जुन शिक्षकले दिदीलाई सहयोगस्वरूप दिनुभएको थियो । घरको काम केही पनि गर्नुपर्दैन । हजुरआमाले जसरी भए पनि एसएलसीमा राम्रो अंक ल्याएर उत्तीर्ण हुने अनि उच्चमाध्यमिक तह पढ्न छात्रवृत्ति पाउने उद्देश्य राखेर हाम्रो पढाइ राम्रो बनाउन प्रयासरत हुनुहुन्छ । हुन पनि दिदीले राम्रो अंक नल्याएको भए विज्ञान विषय लिएर निजी कलेजमा पढ्न सक्ने हाम्रो अवस्था नै थिएन । अहिले दिदीले पूर्ण छात्रवृत्ति पाएर पढिरहनुभएको छ । मलाई पनि दिदीले राम्रोसँग पढ् भन्नुहुन्छ । बुबा-आमाको दुःख देखेर पनि मिहिनेत गरेर पढ्न मन लाग्छ ताकि पछि आमाबुबालाई सहयोग गर्न सकौँ । दिदीबहिनी एउटै कोठामा पढ्ने र सुत्ने गर्छौं । फुर्सदको समयमा टीभीमा मनोरञ्जनात्मक र ज्ञानबर्द्धक कार्यक्रम हेर्छौं ।[१९]

परिवारको प्रतिकूल आर्थिक स्थितिले पनि विचलित नभएर परिवारको यही अवस्थाबाट सकारात्मक उर्जा प्राप्त गर्नु आफैमा प्रशंसनीय पक्ष हो । मनिषाको मामाघर बजार क्षेत्रमा पर्ने भएकोले उनलाई अरू कामको बोझ छैन । सहरमा बस्ने उनका आमाबुबाले शिक्षाको महत्त्व बुझेर छोराछोरीलाई शिक्षा प्राप्त गर्नतर्फ प्रेरित गर्नाले पनि उनको शैक्षिक उपलब्धि उच्च रहेको देखिन्छ । एसएलसीमा राम्रो अंक ल्याई पूर्ण छात्रवृत्ति पाएर निजी कलेज पढ्ने अवसर पाएकी उनकी दिदी उनका लागि एक राम्रो रोल मोडेल पनि हुन् । आफ्नो पढाइमा अभिभावकको पूर्ण सहयोग पाएकी अर्की छात्रा रविना सिलवालले भनिन् ः

> आमा धेरै नपढेकी भए पनि मैले मेरो पढाइमा काका-काकीबाट धेरै सहयोग पाइरहेकी छु ।[२०] उहाँहरू दुवै शिक्षित हुनुहुन्छ । काका क्याम्पसमा र काकी स्कूलमा पढाउनुहुन्छ । मैले नजानेको कुराहरू सिकाइदिने र पढेर आफ्नै खुट्टामा उभिनु पर्छ भनेर सम्झाउने गर्नुहुन्छ । फुर्सदको समयमा उहाँहरू टीभी हेर्ने, पत्रपत्रिका पढ्ने गर्नुहुन्छ । म पनि त्यसै गर्छु ।[२१]

[१९] मनिषा भट्टसँग १२ भदौ २०६७ मा गरिएको कुराकानी ।

[२०] रविना र उनका भाइ-बहिनी सानै हुँदा बुबाको निधन भएकोले उनीहरू संयुक्त परिवारमा बस्दै आइरहेका छन् ।

[२१] रविना सिलवालसँग १३ भदौ २०६७ गते गरिएको कुराकानी ।

यसरी नै अन्य उत्कृष्ट ब्राह्मण/क्षत्री विद्यार्थीले पनि आफ्नो पढाइमा आमाबुबा र आफूभन्दा माथिल्ला तहमा पढ्दै गरेका दाजु-दिदीको पूर्ण सहयोग रहेको बताए । परीक्षाको समयमा मात्र होइन, नियमित रूपले मिहिनेत गरेर पढ्दा परीक्षाको समयमा धेरै तनाव हुँदैन भनेर आफ्नी दिदीले आफूलाई सम्झाउने गरेको सुष्मा उप्रेतीले बताइन् । परीक्षाको समयमा अभिभावकले विशेष निगरानी गरेर पढ्न लगाउने, प्रश्नपत्र हेरेर छोराछोरीलाई आफूले पाउने अंक अड्कल गर्न लगाउने, उनीहरूका प्रतिस्पर्धीले परीक्षा कस्तो गरेको समेत सोध्ने गरेको रवि थापाले बताए ।[२२] विशेष कुरा त कक्षा ८, ९ र १० मा उत्कृष्ट १० स्थानमा पर्ने प्रायः सबै ब्राह्मण/क्षत्री विद्यार्थीको दाजुभाइ वा दिदीबहिनी पनि पढाइमा राम्रो रहेको र पढ्नको लागि छुट्टै कोठाको व्यवस्था रहेको पाइयो ।

## *शैक्षिक उपलब्धि कमजोर देखिएका थारू र ब्राह्मण/क्षत्री विद्यार्थीको पारिवारिक वातावरण*

पढाइमा कमजोर थारू र ब्राह्मण/क्षत्री विद्यार्थीको पारिवारिक वातावरण धेरै हदसम्म मिल्दोजुल्दो पाइयो । खेतीपातीको मौसममा अभिभावकलाई सहयोग गर्नुपर्ने र अन्य समयमा केटीहरूले दैनिक रूपले घाँस काट्नुपर्ने, आमालाई भान्सामा र अन्य सरसफाइको काममा सघाउनुपर्ने स्थिति रहेको पाइयो । गाउँतिर पत्रपत्रिका पनि पढ्ने चलन नभएकोले घरमा पाठ्यपुस्तकबाहेक अन्य पाठ्यसामग्री धेरै उपलब्ध थिएन । गाउँमा सार्वजनिक पुस्तकालय भए पनि उक्त पुस्तकालयमा एक जना पनि थारू विद्यार्थी सदस्य रहेको पाइएन । यसले पनि उनीहरूको पढाइप्रतिको व्यक्तिगत चाखलाई झल्काउँछ । पत्रपत्रिकालगायत विभिन्न क्षेत्रसँग सम्बन्धित पुस्तक पढ्न पाइने यो पुस्तकालय ब्राह्मण/क्षत्री युवाकै प्रयासले सञ्चालन भैरहेको र पाठक तथा सदस्य पनि उनीहरू नै रहेको पाइयो ।[२३]

अन्तर्वार्तामा समावेश सात जना कमजोर थारू विद्यार्थीमध्ये चार जनाका भाइबहिनी (जो सोही विद्यालयमा अध्ययनरत छन् र उत्कृष्ट १० स्थानमा पर्छन्) पढाइमा राम्रो रहेको पाइयो । एउटै पारिवारिक र विद्यालय वातावरण पाएका यी दाजुभाइ तथा दिदीबहिनीको शैक्षिक उपलब्धिमा फरक किन? भन्ने प्रश्नको उत्तरमा शैक्षिक स्तर कमजोर रहेकी एक थारू छात्राले भनिन्, "खै कसरी हो ! उसले एक पटक पढ्दा बुझ्छे भने मैले एउटै कुरा धेरै

[२२] रवि थापासँग १५ भदौ २०६७ गते गरिएको कुराकानी ।

[२३] यो तथ्य पुस्तकालयमा अध्ययन गर्न आउनेहरूको रेकर्ड पुस्तिकाको आधारमा उल्लेख गरिएको हो ।

पटक पढ्नुपर्छ । पढ्छु तर पढेको कुरा चाँडै बिर्सन्छु ।"[२४] सोही प्रश्नको उत्तर बहिनीबाट यस्तो आयो :

> दिदी र म एउटै कोठामा पढ्छौँ र सुत्छौँ । बिहान दिदी प्रायः मभन्दा एक घण्टा ढिला उठ्नुहुन्छ र बेलुकामा आधा/एक घण्टा छिटो सुत्नुहुन्छ । दिदीभन्दा म बढी मिहिनेत गर्छु । स्कूलमा पनि दिदी कम बोल्नुहुन्छ । मैले नजानेको कुरा साथी र शिक्षकलाई सोधिहाल्छु । त्यसैले होला दिदीले भन्दा मैले राम्रो गर्न सकेको ।[२५]

त्यही प्रश्न उनीहरूकी आमालाई सोध्दा यस्तो जवाफ आयो :

> दिदीभन्दा बहिनी अलि बढी मिहिनेत गर्छे । बहिनीको पढाइतिरको एकाग्रता बलियो छ । तर दिदी धेरै समयसम्म एकाग्र भएर पढ्नै सक्दिन । पढ्नमा भन्दा नृत्यतिर बढी चाख छ उसको । घरमा पढ्दा पनि एकाग्र हुन नसकेर घरिघरि भान्सामा सघाउन आउँछे । बहिनीलाई यस्तो कुरामा चासो नै हुँदैन । ऊ पढिरहन्छे ।[२६]

उनीहरूलाई पढाउने शिक्षकको भनाइ पनि यस्तै रह्यो, "दिदीभन्दा बहिनी मिहिनेती छिन् । बहिनीले कक्षामा ध्यान दिएर सुन्ने, नजानेको कुरा सोध्ने, संगालोबाट प्रश्नहरू झिकेर त्यसको उत्तर लेख्ने र देखाउने गर्छिन् जुन काम दिदीले विरलै गर्छिन् ।"[२७] यी दिदीबहिनी त उदाहरण मात्र हुन् । यस्तै दिदीबहिनी, दिदीभाइ र दाजुभाइ धेरै भेटिए थारू समुदायमा संगतले, पढाइप्रतिको लगावले, रुचिको भिन्नताले र कोहीको घरमा कामको बोझले शैक्षिक उपलब्धिमा असमानता पाइयो । एक जना कमजोर शैक्षिक स्तर भएकी छात्राले आफूले घरमा पढ्नको लागि भाइले भन्दा कम समय पाएको बताइन् । उनले भनिन् :

> बुबा निरक्षर र आमा प्रौढ कक्षा पढेर साक्षर हुनुहुन्छ । आमाबुबा खेतीपाती गर्नुहुन्छ तर आमाले यसबाहेक कपडा सिलाउने काम पनि गर्नुहुन्छ । यसले गर्दा आमा अलि बढी नै

[२४] बहिनीको तुलनामा कमजोर शैक्षिक उपलब्धि भएकी एक जना छात्रासँग ५ भदौ २०६७ मा गरिएको कुराकानी ।

[२५] दिदीको तुलनामा धेरै राम्रो शैक्षिक उपलब्धि भएकी एक जना छात्रासँग ५ भदौ २०६७ मा गरिएको कुराकानी ।

[२६] शैक्षिक उपलब्धि उच्च र न्यून भएका दुई दिदीबहिनीकी आमासँग ५ भदौ २०६७ मा गरिएको कुराकानी ।

[२७] शिक्षकसँग भदौ २०६७ मा गरिएको कुराकानी ।

व्यस्त रहनुहुन्छ। आमा बढी व्यस्त रहनु भनेको मेरो घरायसी कामको बोझ थपिनु हो। आमालाई कामको चटारो परेको बेलामा बिहान बेलुकाको खानासमेत मैले पकाउनुपर्छ। खेतीपातीको समयमा खेतबारीमा काम गर्नुपर्ने र अन्य समयमा घर आँगन सरसफाइ गर्ने, आफ्नोलगायत भाइको कपडा धुनुपर्ने भएर मैले घरमा पढ्ने समय भाइले भन्दा कम पाउँछु। भाइले यस्तो घरायसी काम धेरै गर्नु पर्दैन। उसले समय मिलाएर आफ्नो किताब पढिरहन्छ। ऊ यसै पनि जान्ने छ त्यहीमाथि घरमा मैलेभन्दा बढी समय पढ्छ। त्यसैले हुनसक्छ ऊ उत्कृष्ट १० स्थानभित्र पर्छ भने म कहिलेकाहीँ अनुत्तीर्ण पनि हुन्छु।[२८]

सात जनामध्ये चार जना थारू विद्यार्थीको पारिवारिक शैक्षिक अवस्था ज्यादै नाजुक रहेको छ। परिवारमा सबैभन्दा बढी पढेका यी तीन विद्यार्थीका आमाबुबा निरक्षर छन् भने अन्य सामान्य साक्षर छन्। एक जनाको परिवारको आर्थिक अवस्था पनि ज्यादै नाजुक भएकोले वैशाखदेखि असारसम्म[२९] स्कूलबाट फर्केपछि र साउन पूरै महिना घर बनाउने श्रमिकको रूपमा काम गर्न गएकोले आफ्नो पढाइ बिग्रेको कुरा उनले यसरी बताए ः

आमाबुबा, दाइ र म गरी चार जनाको परिवार हो हाम्रो। आमाबुबा निरक्षर हुनुहुन्छ। हाम्रो खेतीपाती गर्ने जग्गा पनि नभएकोले बुबाले मजदुरी गरेर मलाई पढाइरहनुभएको छ। एक जनाको कमाइले परिवार धान्न गाह्रो भएकाले दाइले ७ कक्षा पढ्दापढ्दै पढाइ छाडेर काममा लाग्नुभयो। साउन महिनादेखि कक्षा १० को लागि विद्यालयमा बिहान ६-९ बजे अतिरिक्त कक्षा सञ्चालन हुने भएकोले विद्यालय जान र आउन सजिलो होस् भनेर साइकल किन्न र उक्त कक्षाको शुल्क तिर्नको लागि जेठ महिनामा विद्यालयबाट फर्केपछि र साउन पूरै महिना घर बनाउने श्रमिकको रूपमा काम गरेँ। यसले मेरो पढाइमा धेरै बाधा पुऱ्यायो। कक्षा ९ मा मेरो पढाइ त्यति नराम्रो थिएन तर १० कक्षाको पहिलो त्रैमासिक परीक्षामा विज्ञान र गणितमा अनुत्तीर्ण भएँ।[३०]

पढाइमा कमजोर सात जना ब्राह्मण/क्षत्री विद्यार्थीमध्ये प्रायः सबै किसानका छोराछोरी थिए र तिनको परिवारको शैक्षिक पृष्ठभूमि पनि कमजोर रहेको पाइयो। यी सात जना विद्यार्थीमध्ये छ जनाका आमाहरू प्रौढ कक्षा पढेर सामान्य साक्षर र एक जनाको आमाले कक्षा ९ उत्तीर्ण गरेको पाइयो भने बुबाको सन्दर्भमा दुई जना प्रवेशिका उत्तीर्ण र अन्यले

[२८] एक जना छात्रासँग १५ भदौ २०६७ मा गरिएको कुराकानी। यी दुई दिदीभाइ कक्षा १० मा अध्ययनरत छन्।

[२९] चितवनमा वैशाखदेखि असारसम्म बिहान ६ बजेदेखि ११ बजेसम्म कक्षा सञ्चालन हुन्छ र साउन महिना पूरै वर्षे विदा हुन्छ।

[३०] एक जना छात्रासँग १५ भदौ २०६७ मा गरिएको कुराकानी।

प्राथमिक या निम्न माध्यमिक तहसम्मको शिक्षा प्राप्त गरेको पाइयो । यी विद्यार्थीमध्ये चार जनाको दिदीदाइ उच्चमाध्यमिक तह पढ्दै गरेको भए पनि उनीहरूकै पढाइ कमजोर भएकाले भाइबहिनीले सहयोग पाएको देखिएन । एक जना कमजोर शैक्षिक स्तरकी ब्राह्मण समुदायकी छात्राले आफूले पाएको पारिवारिक वातावरणको बारेमा यसरी व्यक्त गरिन् :

> मेरा आमाबुबा सामान्य साक्षर किसान हुनुहुन्छ । मैले पनि खेतवारीको काम त अलिअलि गर्नु परिहाल्छ । दिदीले ७ कक्षा पढ्दापढ्दै छोड्नुभयो । दाइ ११ कक्षामा पढ्दै हुनुहुन्छ । दाइको पढाइ त्यति राम्रो छैन, त्यसैले मैले दाइको सहयोग मेरो आवश्यकताअनुसार पाउन सक्दिनँ । दाइलाई पढाइमा सहयोग गर्ने त झन् कोही पनि छैन । घरमा पत्रपत्रिका र अन्य पाठ्यसामग्री छैनन् । फुर्सदको समयमा टीभी हेर्ने, रेडियो सुन्ने गर्छौं ।[३१]

तर अभिभावकले अन्य तत्त्वलाई भन्दा विद्यार्थीको शिक्षाप्रतिको आकर्षणलाई उनीहरूको उपलब्धिको मुख्य कारक ठान्दछन् । छोराछोरी पढाइमा राम्रो भएका अभिभावकले उनीहरूलाई पढ्न र गृहकार्य गर्न भनिरहनु नपर्ने बताए भने अन्यको अभिभावकले, "पढ्नको लागि सधैँभरि कराइरहनु पर्छ । पढ्नु पर्छ भन्ने कुरा पनि अर्काले भनिदिएर हुने कुरा हो र?" भनी गुनासो पोखे । तर पढाइतिरको चाख किन कम भयो भन्नेमा चाहिँ अभिभावकले पनि ध्यान नदिएको देखिन्छ ।

उल्लिखित अन्तर्वार्ताका आधारमा थारू विद्यार्थीको परिवारको शैक्षिक पृष्ठभूमि ब्राह्मण/क्षत्री विद्यार्थीको भन्दा कमजोर रहेको र शैक्षिक उपलब्धि उच्च भएका विद्यार्थीको पारिवारिक वातावरण शैक्षिक उपलब्धि कमजोर देखिएकाको भन्दा राम्रो रहेको निष्कर्षमा पुग्न सकिन्छ । राम्रो शैक्षिक वातावरण पाएका विद्यार्थीले पढाइमा राम्रो गरेको पाइनुले परिवारको उचित वातावरण विद्यार्थीको शैक्षिक उपलब्धिको महत्त्वपूर्ण उत्प्रेरक भएको पुष्टि हुन्छ ।

## विद्यालय वातावरण[३२]

विभिन्न जातजातिका विद्यार्थी अध्ययनरत यस विद्यालयमा कुनै किसिमको प्रत्यक्ष जातीय विभेद नरहेको तथ्य अन्तर्वार्ता र अवलोकन दुवै अध्ययन विधिहरूले पुष्टि गर्छन् ।[३३]

[३१] एक जना छात्रासँग १७ भदौ २०६७ मा गरिएको कुराकानी ।

[३२] विद्यालय वातावरणको बारेमा अध्ययन गर्दा मेरो ध्यान शिक्षक-विद्यार्थीबीचको अन्तर्क्रिया, विद्यार्थी-विद्यार्थीबीचको अन्तर्क्रिया, विद्यार्थीतिर शिक्षकको ध्यान र व्यवहार, कक्षामा विद्यार्थीको एकाग्रता, कक्षाकार्य र गृहकार्य प्रक्रियाका साथै कक्षा कोठाको व्यवस्थापनमा केन्द्रित रहेको थियो ।

[३३] यहाँ जातीय विभेद थारू र ब्राह्मण/क्षत्रीबीच मात्रै हेरिएको हो ।

विद्यालयमा शिक्षकबाट समान किसिमको शैक्षिक सहयोग पाएको विद्यार्थीले पनि बताए । यस विद्यालयबाट प्रवेशिका उत्तीर्ण गरेका थारू तथा ब्राह्मण/क्षत्री विद्यार्थीसँगको अनौपचारिक कुराकानीबाट पनि यस विद्यालयमा जातीय विभेद नरहेको कुरा यकिन हुन्छ ।[३४] वि.सं. २०५३ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका एक जना थारू विद्यार्थीले आफूले विद्यालयमा कुनै किसिमको जातीय विभेदको महसुस नगरेको बताए । उनले भने :

> मेरा आमाबुबा निरक्षर हुनुहुन्छ । त्यति बेला खेतीपातीबाहेक हाम्रो अन्य आम्दानीको स्रोत केही पनि थिएन । जग्गा-जमिन पुग्दो भए पनि नगदे बाली नलगाउँदा नगद आम्दानी हुँदैनथ्यो । मैले ९ कक्षा पास गरेर दश कक्षामा पुग्दा विद्यालय सञ्चालन भएको तीन साता बित्ने बेलासम्म पनि मसँग पाठ्यपुस्तक थिएनन् । मेरो पढाइ राम्रै थियो, त्यसैले म पनि शिक्षकको विशेष निगरानीभित्र पर्थें । खास गरी गणित विषय पढाउने शिक्षकले गृहकार्य गरे-नगरेको हेर्न म बसेको मेचतिर आउनुहुन्थ्यो । एकपटक किताब नभएकोले गृहकार्य नगरेको थाहा पाएर उहाँसहित तीन जना शिक्षकले एकसेट पाठ्यपुस्तक, एकदर्जन कापी र एक थान चाइनिज हिरो कलम तथा मसी उपलब्ध गराउनुको साथै राम्रोसँग पढ्नू भनेर प्रोत्साहन पनि दिनुभएको थियो । सायद त्यही प्रोत्साहनले आज मैले स्नातकोत्तर तह पनि राम्रै श्रेणीमा उत्तीर्ण गर्न सकें ।[३५]

पढाइमा जातीय विभेद नभए पनि कमजोर विद्यार्थी ओझेलमा पर्ने गरेको तथ्य उनको भनाइले उजागर गर्छ । वि.सं. २०६६ मा सोही विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेकी, पढाइमा अब्बल ब्राह्मण समुदायकी एक छात्रासँगको कुराकानीले पनि यही कुरा सावित गर्दछ । उनले आफ्नो परिवारको आर्थिक स्तर कमजोर भएको कारणले आफूसँग अन्य सन्दर्भ सामग्री नहुँदा सम्बन्धित विषयका शिक्षकले उक्त सामग्री उपलब्ध गराइदिएर सहयोग गरेको बताइन् ।[३६] अन्तर्वार्तामा समावेश गरिएका सबै शिक्षकले विद्यार्थी जुनसुकै जात, धर्म, लिंग र स्तरका भए पनि विद्यालयमा सबैलाई समान व्यवहार गरिन्छ भन्नेमा जोड दिएका थिए । तर असमान स्तरका विद्यार्थीलाई समान व्यवहार गरेर मात्रै उनीहरूको स्तरबीचको फरकलाई मेटाउन भने सकिँदैन । यो तथ्य या त शिक्षकले नबुझेका हुन् या त बुझेर पनि थप मिहिनेत गर्न नचाहेका हुन् (युनेस्को सन् २००८) । धेरै जसो विद्यार्थीले

[३४] शैक्षिक वर्ष २०५५ सालमा प्रवेशिका परीक्षाको तयारीको क्रममा यस अनुसन्धानकर्ता लगायत छ जना ब्राह्मण/क्षत्री र थारू छात्राको समूहलाई गणित शिक्षकले हप्ताको दुई दिन आफ्नै घरमा बोलाएर गणित विषयमा आइपरेका समस्याहरू निःशुल्क रूपले हल गरिदिनुभएको थियो । जातीय विभेदको कुनै संकेत भेटिएको अनुभव मलाई छैन ।

[३५] यस विद्यालयको एक भूतपूर्व विद्यार्थीसँग १५ भदौ २०६७ मा गरिएको कुराकानी ।

[३६] ब्राह्मण समुदायकी एक जना छात्रासँग १३ भदौ २०६७ मा गरिएको कुराकानी ।

चाहिँ विद्यालयमा जातीय विभेद नभए पनि शिक्षकहरूले जान्ने र नजान्ने विद्यार्थीमाथि फरक व्यवहार गर्ने बताए ।[३७] यसै सन्दर्भमा कक्षा १० मा अध्ययनरत एक जना कमजोर शैक्षिक स्तरको विद्यार्थीको अभिव्यक्ति यहाँ प्रस्तुत गरिएको छ :

> धेरै जसो शिक्षकले जान्ने विद्यार्थीसँग धेरै बोल्ने, उनीहरूको गृहकार्य हेर्ने, उनीहरूले सोधेको प्रश्नको उत्तर पनि खुशी भएर दिने गर्नुहुन्छ तर हामीले सोध्दा "घरमा फिटिक्क पढ्ने होइन अनि कसरी आउँछ" भनेर गाली गर्नुहुन्छ । अनि झर्को मान्दै सिकाइदिनु हुन्छ । त्यसैले नजाने पनि उहाँहरूलाई सोध्न मन लाग्दैन । बरु जान्ने साथीलाई सोध्छु । कुनै-कुनै विषयका शिक्षकले गृहकार्य हेर्न भ्याइँदैन भनेर प्रत्येक मेचबाट एक जना उठाएर पालैपालो गरी उत्तर पढ्न लगाउनुहुन्छ । यसमा जान्ने र नजान्ने सबैको उत्तर सुन्न पाइन्छ ।[३८]

जुनसुकै समुदायका विद्यार्थी होस् ऊ पढाइमा राम्रो छ भने उसले हरबखत शिक्षकको ध्यान पाइरहने र प्रोत्साहित भइरहने हुन्छ (युनेस्को सन् २००८) । रिजाल (सन् २०१०) ले गरेको एक अध्ययनमा पनि शिक्षकले राम्रा विद्यार्थीलाई अझै अगाडि ल्याउनको लागि हौसला प्रदान गर्ने गरेको उल्लेख छ । उनका अनुसार शिक्षकले लगनशील र जान्ने विद्यार्थी जुनसुकै जात धर्म, लिंगका भए पनि राम्रो व्यवहार गर्ने, माया, प्रोत्साहन दिने गर्दछन् भने कमजोर विद्यार्थीलाई बेवास्ता गर्दछन् । यस अर्थमा थारू विद्यार्थीले अप्रत्यक्ष रूपमा शिक्षकको ध्यान कम पाएको भने बुझ्न सकिन्छ । किनभने धेरै जसो थारू विद्यार्थी पढाइमा कमजोर रहेको तथ्यबारे माथि चर्चा गरिसकिएको छ ।

प्रत्येक कक्षा कोठामा लगभग ६० जना विद्यार्थीहरू भएको यो विद्यालयमा धेरैजसो शिक्षक दक्ष र अनुभवी भए पनि समय अभाव र विद्यार्थी संख्या धेरै भएकोले कक्षामा अन्तर्क्रियात्मक शिक्षण विधि अपनाएर पढाउन नसकेको शिक्षकहरूको तर्क थियो । अंग्रेजी विषयमा विद्यार्थी धेरै कमजोर भएकाले अन्तिम विकल्पको रूपमा नेपालीमा उल्था गरेर शिक्षण गर्न बाध्य भएको सोही विषयका शिक्षकले बताउनुभयो । शिक्षकबाट गृहकार्य दिइए पनि नियमित रूपले परीक्षण भने हुन नसकेको पाइयो । पढाइमा राम्रो विद्यार्थी कक्षा कोठाको अघिल्लो बेन्चमा बस्ने हुनाले गृहकार्य र कक्षाकार्य खुसुक्क देखाउने गरेको बताए । उनीहरूले दिइएको गृहकार्यको अलावा पुरानो प्रश्नपत्रको सँगालोबाट पनि अभ्यास गर्ने र ठीक भए-नभएकोबारे कक्षा कोठामा र अन्य समयमा सोध्दा पनि शिक्षकले हेरिदिने गरेको

[३७] यस्तो खालको गुनासो उत्कृष्ट १० स्थानभित्र पर्ने विद्यार्थीहरूबाट पनि आयो । तर यस्तो गुनासो गर्ने धेरै जसो कमजोर विद्यार्थीहरू नै थिए ।

[३८] कक्षा ९ मा अध्ययनरत एक जना कमजोर थारू विद्यार्थीसँग १४ भदौ २०६७ मा गरिएको कुराकानी ।

पाइयो । त्यसै गरी कक्षाकार्य पनि जान्ने विद्यार्थीले मात्र शिक्षकलाई छिटो-छिटो लेखेर सोही दिन देखाउने र कमजोर विद्यार्थीले समयमा देखाउन नसकेपछि अर्को दिन परीक्षण नहुने गरेको पाइयो । यसले पनि प्रतिस्पर्धा जान्ने विद्यार्थीबीच मात्र हुने र नजान्नेलाई कक्षाकार्य र गृहकार्य गर्नैपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना नगर्दा नजान्ने विद्यार्थी झन् निरुत्साहित हुने गर्दछन् । यस हिसाबले पनि थारू विद्यार्थी शिक्षकको ध्यान आफूतर्फ पार्न सकेका छैनन् ।[३९] यसै सन्दर्भमा एक जना अंग्रेजी विषयका शिक्षकको भनाइ यस्तो रह्यो ः

> यो विद्यालयमा पढ्ने विद्यार्थी धेरैजसो कमजोर आर्थिक अवस्थाका, किसान र मजदुरका छोराछोरी हुन् । उनीहरूले घरमा शैक्षिक वातावरण पाएका हुँदैनन् र विद्यालयमा साथीहरू धेरैजसो मध्यम र कमजोर शैक्षिक स्तरका हुन्छन् । एउटा कक्षा कोठामा राम्रो पढ्ने विद्यार्थी लगभग चार-पाँच जना मात्र हुन्छन् । राम्रो विद्यार्थीबीच धेरै प्रतिस्पर्धा हुन्छ तर लगभग ९५ प्रतिशत विद्यार्थी आफ्नै स्तरका हुँदा उनीहरूले आफू पढाइमा कमजोर भएकोमा पनि खासै असहज महसुस गर्दैनन् । यो कारणले पनि उनीहरूको स्तरमा सुधार ल्याउन गाह्रो भएको हो । गृहकार्य दिँदा पनि पूरा गरेर विद्यालय आउने थोरै मात्र हुन्छन् ।[४०]

बहुमत विद्यार्थी पढाइमा कमजोर भएकाले तिनलाई सुधार गर्नुपर्ने आवश्यकता महसुस नभएको हुन सक्छ । यसबाहेक अन्तर्वार्तामा सहभागी प्रायः सबै शिक्षकको भनाइअनुसार थारू अभिभावकहरू आफ्ना छोराछारीको पढाइप्रति चाख राख्दैनन्, उनीहरूको पढाइको बारेमा जानकारी लिन विद्यालय आउने थारू अभिभावक विरलै पाइन्छन् । अभिभावक विद्यालय किन आउँदैनन् त? भन्ने प्रश्नको उत्तर नेपाली पढाउने शिक्षिकाले यसरी दिनुभयो ः

> थारू अभिभावक प्रायः खेतीपाती गर्ने किसान र मजदुर हुन् । धेरैजसो पढेलेखेका छैनन् । आफ्ना छोराछारीको पढाइमा ध्यान दिँदैनन् । विद्यालयको कार्यक्रममा सहभागी हुन निमन्त्रणा पठाउँदा पनि आउँदैनन् । कक्षा ६ मा पढ्ने एक जना छात्रा पढाइमा धेरै कमजोर छिन् । गृहकार्य कहिल्यै गर्दिनन् । म कक्षा शिक्षक भएको नाताले उनको अभिभावकलाई विद्यालय आउनू भनेर धेरै पटक खबर पठाएँ । आउन त आउनुभयो तर अन्य शिक्षकसँग भेट्न मान्नुभएन । विद्यालयको चौरमा मसँग मात्र कुरा गरेर जानुभयो ।

[३९] किनभने अधिकांश थारू विद्यार्थी पढाइमा कमजोर र तुलनात्मक रूपले उमेर पनि धेरै हुने हुँदा कक्षा कोठाको पछिल्लो बेन्चतिर बस्छन् ।

[४०] विगत १९ वर्षदेखि सोही विद्यालयमा अध्यापनरत मावि तहका ती शिक्षकसँग ८ भदौ २०६७ मा गरिएको कुराकानी ।

> नेपाली भाषा राम्ररी बोल्न नजान्ने उहाँले "आफूले सिकाउन जान्दिनँ, के गर्ने? पढ् भन्दा टेर्दैन" भनेर उल्टै गुनासो गरेर जानुभयो ।[४१]

नेपाली भाषा राम्ररी बोल्न नजान्ने, छोराछोरीको पढाइमा सहयोग गर्न र सहभागी हुन नसक्ने अवस्थाका अभिभावकहरूसँग विद्यालयमा गएर शिक्षकसँग के कुरा गर्ने भन्ने आत्मविश्वास नै कमजोर हुन्छ (अवस्थी सन् २००४) । क्यूमिन्स (सन् २००१) लाई उद्धृत गर्दै अवस्थी (सन् २००४) ले शैक्षिक कार्यक्रममा विद्यालय र अभिभावकको सहकार्यको महत्त्व उच्च रहेको बताएका छन् । उनका अनुसार अल्पसंख्यक समुदायका अभिभावकले विद्यालय प्रणालीमा प्रवेश पाएमा अथवा भनौँ सहभागी हुन पाएमा विद्यालयसँगको सामीप्य तथा विद्यालयसँगको अन्तर्क्रियाले गर्दा उनीहरू आफू पनि अरू समान भएको महसुस गर्दछन् । अनि मात्र अभिभावक र विद्यार्थी दुवैले विद्यालयको हरेक गतिविधिप्रति चाख राख्ने, शैक्षिक कार्यक्रमप्रति जागरुक हुने गर्दछन् । तर ५१ प्रतिशतभन्दा बढी विद्यार्थी थारू रहेको यस विद्यालयमा थारू समुदायका अभिभावकलाई विद्यालय सञ्चालनको सारथीको रूपमा लिइएको पाइँदैन । विद्यालय सञ्चालनमा थारू अभिभावकको भूमिकालाई कम महत्त्व दिएको देखिन्छ । यो तथ्य विद्यालयको सञ्चालक समिति र शिक्षक-अभिभावक संगठनमा थारू र ब्राह्मण/क्षत्री अभिभावकको सहभागिताले प्रस्ट पार्दछ ।[४२] यस्तो अवस्थामा थारू अभिभावक र विद्यालयबीच हुनुपर्ने अन्तर्क्रिया नभएर पनि उनीहरू विद्यालयको शैक्षिक प्रक्रिया र आफ्ना छोराछोरीका पढाइप्रति उत्साहित नदेखिएका हुन सक्छन् ।

यस खण्डबाट यस विद्यालयमा कुनै किसिमको प्रत्यक्ष जातीय विभेद नरहेको बुझिन्छ । यद्यपि जान्ने र नजान्ने विद्यार्थीबीच चाहिँ शिक्षकबाट चाहेर वा नचाहेर फरक व्यवहार हुने गर्दछ । जान्ने विद्यार्थी शिक्षकको ध्यान तुलनात्मक रूपले बढी पाउने हुँदा प्रतिस्पर्धा पनि जान्ने विद्यार्थीबीच मात्र हुने र नजान्ने विद्यार्थी झनै निरुत्साहित हुने गर्दछन् । यसर्थ थारू विद्यार्थीले अप्रत्यक्ष रूपमा शिक्षकको ध्यान कम पाएको बुझ्न बुझिन्छ ।

## निष्कर्ष

विद्यार्थीको शैक्षिक उपलब्धिमा उसको लिंग, जातीयता, भाषा, अभिभावकको शिक्षा, आर्थिक पृष्ठभूमि र विद्यालयको शिक्षणको माध्यम भाषाले महत्त्वपूर्ण भूमिका खेल्दछन् भन्ने

[४१] निमावि तहमा नेपाली विषय शिक्षण गर्ने शिक्षिकासँग ९ भदौ २०६७ मा गरिएको कुराकानी ।

[४२] यस विद्यालयको नौ सदस्यीय विद्यालय सञ्चालक समितिमा तीन जना थारू र छ जना ब्राह्मण/क्षत्री र अन्य छन् भने ११ सदस्यीय शिक्षक/अभिभावक संगठनमा चार जना थारू र सात जना ब्राह्मण/क्षत्री र अन्य छन् ।

तर्क स्थापित तथ्य नै भइसकेको छ । विभिन्न समुदाय र भाषिक पृष्ठभूमिका विद्यार्थीको विद्यालय सहभागिता र शैक्षिक उपलब्धिसम्बन्धी नेपालको राष्ट्रिय स्तरको तथ्यांकले पनि यही तथ्य सावित गर्दछ । यो लेखमा दुई भिन्न समुदाय र भाषिक पृष्ठभूमिका थारू र ब्राह्मण/क्षत्री विद्यार्थीको उत्तीर्ण दर र प्राप्तांकको आधारमा उनीहरूको शैक्षिक उपलब्धि र यसलाई प्रत्यक्ष प्रभाव पार्ने पारिवारिक र विद्यालय वातावरणको तुलनात्मक चर्चा गरियो ।

तुलनात्मक रूपले शैक्षिक उपलब्धि उच्च रहेको ब्राह्मण/क्षत्री विद्यार्थीको प्राप्तांकको कोइफिसेन्ट अफ भेरिएसन धेरै देखिनुले पनि शैक्षिक उपलब्धिको सम्बन्ध जातीयतासँग भन्दा विद्यार्थीको पारिवारिक वातावरणसँग बलियो रहेकोतर्फ संकेत गर्दछ । थारू विद्यार्थीको परिवारको शैक्षिक पृष्ठभूमि ब्राह्मण/क्षत्रीको भन्दा कमजोर देखिन्छ । पढाइमा राम्रा थारू विद्यार्थीमा समकक्षीको बलियो प्रभाव देखिन्छ । नेपाली, सामाजिक र स्वास्थ्य जनसंख्या तथा वातावरण जस्ता भाषिक विषयमा ब्राह्मण/क्षत्रीसँग थारू विद्यार्थी प्रतिस्पर्धात्मक अवस्था देखिनुले भाषा मुख्य बाधक तत्त्व नरहेको निष्कर्षमा पुग्न सकिन्छ । प्राथमिक तहमा पढ्ने दाङका थारूको शैक्षिक उपलब्धिमा भाषाले प्रभाव नपारेको अवस्थामा चितवनको जस्तो मिश्रित बस्तीमा बस्ने माध्यमिक तहका विद्यार्थीको शैक्षिक उपलब्धिमा उनीहरूको मातृभाषा मुख्य बाधक हुन नसक्ने कुरा सजिलै बुझ्न सकिन्छ । छात्रको शैक्षिक उपलब्धि छात्राको भन्दा थोरै मात्र राम्रो देखिँदा लिंग नै शैक्षिक उपलब्धिको निर्णायक तत्त्व हो भनी किटान गर्ने अवस्था पनि रहेन । तर छोरालाई निजी विद्यालयमा पढाउने चलन भएकोले कमजोर छात्रहरू मात्र सरकारी विद्यालयमा भर्ना हुन्छन् कि भन्ने आशंका गर्न भने सकिन्छ । यसको यकिन गर्न थप अध्ययनको आवश्यकता देखिन्छ । तसर्थ परिवारको नैतिक र शैक्षिक सहयोग नै विद्यार्थीको शैक्षिक उपलब्धिको सबैभन्दा महत्त्वपूर्ण उत्प्रेरक हो ।

विभिन्न जातजातिका विद्यार्थी अध्ययनरत यस विद्यालयमा कुनै किसिमको प्रत्यक्ष जातीय विभेद नदेखिए पनि जान्ने र नजान्ने विद्यार्थीबीच चाहिँ शिक्षकबाट चाहेर वा नचाहेर फरक व्यवहार हुने गर्दछ । प्रत्येक कक्षामा ६० जनाभन्दा बढी विद्यार्थी हुँदा शिक्षकले विद्यार्थीलाई व्यक्तिगत रूपले ध्यान दिन सक्दैनन् । तुलनात्मक रूपमा जान्ने विद्यार्थीले शिक्षकको ध्यान धेरै खिच्ने गरेको अवस्था छ । धेरैजसो थारू विद्यार्थी पढाइमा कमजोर रहेकाले थारू विद्यार्थीले अप्रत्यक्ष रूपमा शिक्षकको नजरमा कम परेको बुझिन्छ । यसरी परिवारबाट उचित शैक्षिक सहयोग नपाएका कमजोर विद्यार्थीले उनीहरूको शैक्षिक प्रगतिको लागि आवश्यक सहयोग विद्यालयबाट पनि पाउन सक्दैनन् ।

## धन्यवाद

यो लेख मार्टिन चौतारीको "नेपालको उच्च शिक्षा तथा अनुसन्धानमा सामाजिक समावेशीकरणको अभिवृद्धि" नामक परियोजना अन्तर्गत २०६८ सालमा तयार पारिएको हो। यसका लागि फेलोसीप प्रदान गर्ने मार्टिन चौतारीप्रति कृतज्ञ छु। अध्ययन अवधिभर मार्गनिर्देश गर्नुहुने प्रमोद भट्ट र प्रत्यूष वन्तलाई विशेष धन्यवाद दिन चाहन्छु। अन्तिम मस्यौदा पढी सुझाव दिने शेखर पराजुली तथा *समाज अध्ययन* जर्नलका सम्पादक मण्डलप्रति पनि आभारी छु।

## सन्दर्भ सामग्री

कोइराला, विद्यानाथ। २०६४। *शिक्षामा वैकल्पिक चिन्तन*। काठमाडौँ : सामाजिक अनुसन्धान र सामग्री विकासका लागि प्राज्ञिक मञ्च (एफो - नेपाल)।

गुरुङ, हर्क। सन् २००६। *जनजाति सेरोफेरो*। ललितपुर : नेपाल आदिवासी जनजाति महासंघ।

पराजुली, महेशनाथ। २०६३। नेपाली स्कूलमा दलित बहिस्कार र विभेदका कुरा। *राज्यको पुनःसंरचनामा दलित सहभागिता*। विद्यानाथ कोइराला, राजन खड्का र राजकुमार बराल, सं. पृ. १३१–१४२। काठमाडौँ : अफिस सपोर्ट सर्भिस सेन्टर।

बन्धु, चुडामणि। २०४४। मातृभाषाको शिक्षण : नेपालीका सन्दर्भमा। *विकासको निम्ति शिक्षा* ७। माधव मैनाली र श्रीराम लामिछाने, सं., पृ. १–१०। काठमाडौँ : रिसर्च सेन्टर फर एडुकेसलन इनोभेसन एण्ड डेभलप्मेन्ट (सेरिड)।

रिजाल, शारदा। सन् २०१०। नेपालको उच्चशिक्षामा दलित महिलाको पहुँचका आधारहरू। *उच्चशिक्षामा सहभागिता : असमानताका सामाजिक आयाम*। प्रमोद भट्ट, सं., पृ. २२९–२५३। काठमाडौँ : मार्टिन चौतारी।

शर्मा, रमाकान्त। २०५७। कैलाली जिल्लाका प्राथामिक तहका थारू विद्यार्थीहरूको शैक्षिक उपलब्धिको अध्ययन। एमएड शोधपत्र। त्रिभुवन विश्वविद्यालय।

शिक्षा विभाग। २०६६। *शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन आर्थिक वर्ष २०६४/०६५* (नेपाली रूपान्तर)। भक्तपुर : शिक्षा मन्त्रालय, शिक्षा विभाग।

Acharya, Sushan and Dhiraj Giri. 2009. *Measuring Learning Achievement of Nepali and Non-Nepali Speaking Students of Dang District.* Kathmandu: Save the Children.

Awasthi, Lava Deo. 2004. Exploring Monolingual School Practices in Multilingual Nepal. PhD diss., Danish University of Education.

Bernstein, Basil. 1975. *Class, Code and Control.* London: Routledge & Kegan Paul.

Bhatta, Saurav Dev. 2009. Disparities in School Performance in the SLC Exams: an Exploratory Analysis. In *Education in Nepal: Problems, Reforms and Social Change*. Pramod Bhatta, ed., pp. 57–199. Kathmandu: Martin Chautari.

Bourdieu, Pierre and Jean-Claude Passeron. 1977. *Reproduction in Education, Society and culture,* trans. R. Nice. London: Sage Publications.

CBS (Central Bureau of Statistics). 2001. *Population Census National Report.* Kathmandu: CBS.

CERID (Research Centre for Educational Innovation and Development). 1999. *Assessment of Learning Achievement of Lower Secondary Children: Grades 6 and 8.* Kathmandu: CERID in association with MOES/Nepal.

CERID. 2005. *Education for all 2004-2009: Formative Research Project Study Report 3. Meeting Learning Needs of Children of Indigenous People and Linguistic Minorities*. Kathmandu: CERID

Codjoe, Henry M. 2007. The Importance of Home Environment and Parental Encouragement in the Academic Achievement of African-Canadian Youth. *Canadian Journal of Education* 30(1): 137–156.

DFID (Department for International Development) and World Bank. 2007. *Unequal Citizens: Gender, Caste and Ethnic Exclusion in Nepal* (summary). Kathmandu: DFID and World Bank.

EDSC (Educational and Developmental Service Centre). 2003. *National Assessment of Grade 5 Students.* Kathmandu: EDSC.

EDSC. 2008. *National Assessment of Grade 5 Students.* Kathmandu: EDSC.

Jain, Laxmi. 2008. *Drop out of Girl-Child in Schools*. New Delhi: Northern Book Centre.

Johnson, Kirk A. 2005. The Downside to Small Class Policies. In *Taking Sides: Clashing Views on Controversial Education Issues,* James W. Noll, ed., pp. 273–276. Iowa: McGraw Hill/Dushkin.

Karlekar, Malvika. 2003. Girls' Access to Schooling: An Assessment. In *The Gender Gap in Basic Education: NGOs as Change Agents*. Rekha Wazir, ed., pp. 80–114. New Delhi: Sage Publications.

Khaniya, Tirth and James Williams. 2009. Necessary but not Sufficient: Challenges to (Implicit) Theories of Educational Change: Reforms in Nepal's Primary Education System. In *Education in Nepal: Problems, Reforms and Social Change.* Pramod Bhatta, ed., pp. 187–214. Kathmandu: Martin Chautari.

Koirala, Bidhya Nath. 2001. *Around Contemporary Educational Issues: The Opinion of School Teachers of Nepal.* Kathmandu: Danish Suppprt to Secondary Education.

Madan, Bandana. 2004. Inside the Classroom: Content Analysis of Classroom Processes Studies in Eight States. In *Gender and Social Equity in Primary Education: Hierarchies of Access.* Bimala Ramchandran, ed. pp.143–165. New Delhi: Sage Publications.

Maslak, Mary Ann. 2003. *Daughters of the Tharu: Gender, Ethnicity, Religion, and the Education of Nepali Girls.* New York: Routledge Falmer.

Mathema, Kedar Bhakta and Min Bahadur Bista. 2006. *Study on Students Performance in SLC: Main Report.* Kathmandu: Ministry of Education and Sports, Education Sector Advisory Team.

Mehta, Aashish and Rana Hasan. 2008. Underrepresentation in Colleges: What do the Data Tell Us? In *In Search of Inclusive Policy: Addressing Graded Inequality*. Sukhadeo Thorat and Narender Kumar, eds., pp. 166–181. New Delhi: Rawat Publications in association with Indian Institute of Dalit Studies.

OCE (Office of the Controlller of Examinations). 2002. *School Leaving Certificate (SLC) Examination 2058 V.S. (2002) Statistics.* Bhaktapur: OCE.

Ogbu, John U. 1978. *Minority Education and Caste: The American System in Cross-Cultural Perspective.* New York: Academic Press.

Ogbu, John U. (with assistance of Astrid Davis). 2003. *Black American Students in an Affluent Suburb: A Study of Academic Disengagement*. Mahwah, NJ: Lawrence Erlbaum Associates.

Plan Nepal. 2006. Realities of School Dropout. Unpublished report, Plan Nepal, Kathmandu.

Rajbhandari, Pramila. 2005. Study on Students Performance in SLC: Equity Analysis of SLC Examinations. Unpublished report, SLC Study Team, Ministry of Education and Sports/ESAT.

Ramchandran, Vimala, Kameshwari Jandhyala and Arati Saihjee. 2003. Through the Life Cycle of Children: Factors that Facilitate/Impede Successful Primary School Completion. *Economic and Political Weekly* 38(47): 4994–5002.

Rana, Kumar and Samantak Das. 2004. Primary Education in Jharkhanda. *Economic and Political Weekly* 39(11): 1171–1178.

Shrestha, Dirgh Narayan. 2001. Relationship between Home Situation and Schooling of Tharu Children. MSc. diss., Danish University of Education.

Stewart, Endya B. 2006. Family and Individual Level Predictors of Academic Success for African American Students: A Longitudinal Path Analysis Utilizing National Data. *Journal of Black Studies* 36(4): 597–621.

Tharu, Lok Bahadur. 2001. Education Status of Tharu Community. A Case Study of Pathbhar and Gola VDC of Bardia District. MA diss., Tribhuvan University.

UNICEF (United Nations Children's Fund). 1993. *Learning for the 21st Century: Strategies for Female Education in the Middle East and North Africa.* Jordan: UNICEF.

UNDP (United Nations Development Program). 2004. *Nepal Human Development Report 2004: Empowerment and Poverty Reduction.* Kathmandu: UNDP.

UNESCO (United Nations Educational, Scientific and Cultural Organization). 2004. *Social Inequality at School and Educational Policies*. Paris: UNESCO.

UNESCO. 2008. *Measuring Gender Equality in Education: A Micro-study of Learning Environment at Home and School: Through the Perspective of Gender Equality.* Kathmandu: UNESCO.

Valentin, Karen. 2005. *Schooled for the Future: Educational Policy and Everyday Life among Urban Squatter in Nepal*. Connecticut: Information Age Publishing.

## लेखक परिचय

गीता चौधरीले त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्र (अंग्रेजी) मा स्नातकोत्तर गरेकी छन्। उनी स्वतन्त्र अनुसन्धाता हुन्। इमेल : chaudhary654@hotmail.com